**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**

च्याम्हासिंह, भक्तपुर–९, फोन नं. ६६१४६८६

**एकदिने दही/पनिर बनाउने तालिम**

**तालिम कार्यक्रम**

**सुरू मिति** : २०८३ मङ्सिर ५ गते, शनिबार
**समय** : बिहान १०:०० बजेदेखि
**स्थान** : संस्थाको तालिम हल
**सहभागी सङ्ख्या** : २५ जना मात्र
**दर्ता शुल्क** : ४०० ।- (प्रतिव्यक्ति)
**अन्तिम दर्ता मिति** : २०८३ मङ्सिर ४ गतेसम्म
**पुनश्च** : *पहिला आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*

**आयोजक**
**कृषि उपसमिति**



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# भजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com



दर्ता नं: ३०२(१८२)०६४/६५
"आर्थिक स्वतन्त्रता र विकासका लागि सहकारीता"
**सुकुन्दा** बचत तथा ऋण सहकारी संस्था लि.
जगाती-७, भक्तपुर फोन नं. ०१-६६११२००

**१९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस संस्थाको **१९ औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सम्बन्धित सबै शेयर सदस्यहरूको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मङ्सिर ३ र ४ गते उपस्थिति भत्ता कार्यालय समय अवधिमा वितरण गरिनेछ ।

**कार्यक्रम**

**मिति** : २०८३ मङ्सिर ५ गते, शनिबार
**समय** : बिहान १०:०० बजे
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा-७, भक्तपुर

**नोट** : सम्पूर्ण शेयर सदस्यहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।



★ वर्ष : २८ ★ अङ्क : ३०० ★ ने. सं. ११४७ कछला थ्व, दशमी ★ बिहीबार ★ ३ मङ्सिर, २०८३ ★ November 19, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





ग्रीसको राजधानी एथेन्समा पोलिटेक्निक विद्रोहको ५३ औँ वार्षिकोत्सवको उपलक्ष्यमा नोभेम्बर १७, २०२६ को दिन ग्रीसको कम्युनिस्ट पार्टी (केकेई) र यसको युवा सङ्गठन केएनईद्वारा आयोजित विशाल साम्राज्यवादविरोधी प्रदर्शनमा युवा, विद्यार्थी र मजदुरसहित दसौँ हजार सहभागीहरू । प्रदर्शनकारीहरूले 'युद्ध र नाफाका लागि बलिदान छैन', 'पोलिटेक्निकको ज्यान, अमेरिकीहरू निस्कि जा', 'जनताका हत्यारालाई न जमिन न पानी' जस्ता नारा लगाएका थिए । ऱ्यालीमा केकेईका महासचिव दिमित्रिस कौटसुम्बासको उपस्थिति थियो । मार्चले युद्ध र सैन्य अपरेसनहरूमा ग्रीसको संलग्नताविरुद्धको मागलाई उजागर गऱ्यो र नि:शुल्क शिक्षा र सुधारिएको जीवन अवस्थाको लागि आह्वान गऱ्यो ।

प्रदर्शनले नोभेम्बर २५ मा हुने राष्ट्रव्यापी आमहडतालको तयारीको सुरुआत पनि गरेको छ । सहभागीहरूले सैन्य खर्च र युद्धको सट्टा तलब, निवृत्तिभरण, आवास, स्वास्थ्य सेवा र शिक्षामा खर्च बढाउन आह्वान गरे । युवा सिपाहीहरूले राष्ट्रिय सिमाना बाहिर तैनाथीको विरोधमा आवाज उठाए, जबकि सैन्य कर्मचारी सङ्घहरू र सेवानिवृत्त सैनिकहरूले मार्चमा सामेल भए, विदेशी सैन्य आधारहरू बन्द गर्न र विदेशी सैन्य संलग्नताको विरोध गर्दै मार्चमा सामेल भए । केकेई र सहभागी सङ्गठनहरूले १९७३ पोलिटेक्निक विद्रोहको विरासतलाई साम्राज्यवाद, युद्ध र जनताको आवश्यकतामा कर्पोरेट मुनाफालाई प्राथमिकता दिने नीतिहरू विरुद्धको सङ्घर्षलाई निरन्तरता दिने गरी उल्लेख गरे ।

*तस्बिर : सामाजिक सञ्जाल*

# जनतालाई सुसूचित पार्नु राजनीतिक कार्यकर्ताको काम

काठमाडौँ, २ मङ्सिर । राजनीतिक दलको सिद्धान्त र विचार जनतामाझ पुऱ्याउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाबारे जनतालाई सुसूचित पार्ने काम राजनीतिक कार्यकर्ताहरूको हो । पार्टीबाट प्रकाशित विभिन्न पुस्तक र पत्रपत्रिका अध्ययन गरी जनतालाई बुझाएर सांस्कृतिक स्तर उठाउनेतर्फ कार्यकर्ताहरू जहिल्यै तल्लीन हुनुपर्छ । कार्यकर्ताहरू जनताको घर आँगनमा पुगेनन्, पार्टी कक्षा सञ्चालन गरेनन् भने जनता राजनीतिक, वैचारिक र सैद्धान्तिक रूपमा सुसूचित हुँदैनन् । राजनीतिक रूपले सुसूचित नभएका या सिद्धान्तले नभिजेका सर्वसाधारण जनता र कार्यकर्ताहरू अनेक लोभलालचमा फस्न सक्छन् । लोभलालचमा फसाएर जनविरोधीहरूले आफूतिर तान्न सक्छन् । यसकारण, राजनीतिक कार्यकर्ताहरू घर आँगन पुगेर जनतालाई सुझबुझ बनाउनुपर्छ । सर्वसाधारण जनतालाई देशको अवस्थाबारे सबै थाहा हुँदैन । उनीहरू कसैको लहैलहैमा लाग्न सक्छन् । लहैलहैमा लागेर अर्कै बाटो या राजनीतिक दलमा लाग्न सक्छन् । सर्वसाधारण जनताको स्थिति थाहा पाउन या बुझ्न पनि कार्यकर्ताहरू जनतामाझ भिजिरहनुपर्छ ।

कार्यकर्ताहरू जहिल्यै क्रियाशील भइरहनुपर्छ । उनीहरू राष्ट्रिय अन्तर्राष्टिय स्तरका नेताहरू मार्क्स, लेनिन, एङ्गेल्स, माओ, किम इल सङ, होचि मिह्न आदिको जन्म दिवसमा मात्र केन्द्रित हुनुहुँदैन । समाजमा व्याप्त अन्धविश्वास, हिंसात्मक र आपराधिक घटनाबाट जनतालाई सचेत पार्ने काम पनि गरिरहनुपर्छ । कति कार्यकर्ताहरू मुख्य प्राथमिकता छोडेर स-साना स्वार्थमा अल्झिरहेका हुन्छन् । उनीहरू स-साना स्वार्थमा अल्झैरै पार्टी र नेताहरूको आलोचना गरिरहेका हुन्छन् । श्रमजीवी जनता या व्यापक जनताको हितमा लागिरहेको दल र दलका नेताहरूलाई विरोध गरेर अरु जनविरोधी दललाई प्रत्यक्ष या अप्रत्यक्ष रूपमा सघाइरहेका हुन्छन् । कति कार्यकर्ताहरू आफ्नो कमजोरी छोपेर अरुको कमजोरी मात्र औंल्याइरहेका हुन्छन् । अरुको कमजोरी औंल्याउनु गलत होइन । तर, आफ्नो कमजोरी पनि सुधार्नुपर्छ ।

निर्वाचनको बेलामा मात्र सक्रिय हुने कार्यकर्ताहरू पनि छन् । अरू बेला चासो नराखी निर्वाचनको समयमा मात्र सक्रिय हुँदा कतिपय नयाँ विद्यार्थी-युवाहरू अर्कै बाटोमा गइसकेका हुन्छन् । आफूले चालै नपाइकन अर्को बाटोमा हिँडेपछि फेरि फर्काउन समय लाग्छ । अर्कै दलमा लागेर उनीहरूले बाटो बिराएका हुन्छन् । कार्यकर्ताहरू जनताका आँखाका नानी हुन् । कसले कहाँ के के गरिरहेका छन् ? सबै हेरिरहनुपर्ने हुन्छ; जाँचबुझ गरिरहनुपर्छ । कसैले गलत कुरा फलाकेर भ्रममा पार्न सक्छ । गएको संसदीय निर्वाचनमा रास्वपाप्रति मत खिच्नुको एक कारण हल्ला या लहैलहै नै हो । रास्वपाको नीति बुझेर जनताले मतदान गरेका होइनन् । पुरानो दलप्रति जनताको अविश्वास बढ्यो । जनताको सेवाभन्दा दलगत र व्यक्तिगत स्वार्थमा लागेकोले पनि विगतको सत्तारुढ दलप्रति जनताको अविश्वास बढेको हो । सारमा, सत्तारुढ दलकै कमी कमजोरीकै कारण रास्वपाले ठाउँ पाएको हो । रास्वपाको सिद्धान्त र विचार राम्रो भएर होइन । यो कुरा स्वयं


*बाँकी पृष्ठ ८ मा*


# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १७४

**सेवा प्रवाहमा प्रहरीले चाल्नुपर्ने कदमहरू**

प्रहरीमा प्राप्त निवेदन तथा जाहेरी दर्खास्त, Crime trend, Disciplinary action, Community service लगायतका विषयमा सम्बन्धित प्रहरी एकाइहरूले सर्वसाधारणले सहज जानकारी पाउने उद्देश्यले 'Open Police Data' Dashboard राख्नुपर्दछ ।

Front line मा काम गर्ने प्रहरी अधिकृत र जवानलाई Trauma support का लागि Psychological debrief गर्नुपर्दछ ।

**शान्तिपूर्ण विरोध प्रदर्शन र यसको सहजीकरण**

राज्यका कानुन कार्यान्वयन गर्ने एजेन्सीहरूले शान्तिपूर्ण भेलामा सहभागीहरू सुरक्षित रूपमा आफ्ना गतिविधिहरू सञ्चालन गर्न सकून् भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ । राज्यले कुनै विशेष भेलाको निषेधलाई अन्तिम उपायको रूपमा मात्र प्रयोग गर्नुपर्दछ ।

कानुन कार्यान्वयन अधिकारीहरूले परिस्थितिअनुसार बल प्रयोगका विकल्पहरू सुनिश्चित गर्न फिल्डमा रणनीतिक निर्णय गर्नसक्ने क्षमता भएका अपरेसनल कमान्डरहरू तैनाथ गर्नुपर्छ ।

कमान्डरहरूले फिल्डमा खटिने अधिकारीहरूको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्नुपर्छ र आवश्यक लजिस्टिक सपोर्टको साथै खानपिनको उचित व्यवस्था गर्नुपर्छ ।

कानुन कार्यान्वयन अधिकारीहरूले (Law enforcement officer) खबर बुलेटसहित अन्य त्यस्तै हतियार प्रयोग गर्दा कहिल्यै पनि भिडमा जथाभावी प्रहार नगरियोस् भनी सुनिश्चित गर्नुपर्छ । कुनै व्यक्तिको टाउको वा ढाडमा लक्षित प्रहारलाई हरसम्भव Avoid गर्न प्रयत्नरत हुनुपर्छ ।

**सशस्त्र प्रहरी बलतर्फ सुधार**

नेपालमा सशस्त्र बल (Armed Police Force - APF) सन् २००१ मा माओवादी विद्रोह नियन्त्रण र आन्तरिक सुरक्षा मजबुत पार्न २०५८ कार्तिक ८ गते (२४ October २००१) मा स्थापना भएको हो । त्यसताका देशमा बढ्दो माओवादी विद्रोह, सशस्त्र सङ्घर्ष र आपराधिक गतिविधि नियन्त्रण गर्न तथा नागरिक प्रहरी र सेनालाई सहयोग गर्न यसको गठन गरिएको थियो । यो मूलत: अर्धसैनिक बल हो जसले सीमा सुरक्षा, आतङ्क नियन्त्रण, दैवी प्रकोप उद्धार र भीआईपी सुरक्षाजस्ता कार्यहरू गर्दछ ।

सशस्त्र प्रहरी ऐन २०५८ ( संशोधन २०७४) अन्तर्गत यसको सञ्चालन हुन्छ । उक्त ऐनको दफा ६ ले नेपाल सरकारले देशको कुनै भागमा भएको वा हुनसक्ने सशस्त्र सङ्घर्ष वा पृथकतावादी गतिविधि वा आतङ्ककारी गतिविधि नियन्त्रण गर्न, दङ्गा नियन्त्रण गर्न, दैवी प्रकोप वा महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन, अपहरित व्यक्तिको उद्धार गर्न, बाह्य आक्रमण भएमा नेपाली सेनाको मातहत रही कार्य गर्न, सरकारले तोकेका सार्वजनिक महत्त्वका भवन, संरचना र अन्य स्थल आदिको रक्षा गर्न, सरकारले सुरक्षा दिनुपर्ने भनी ठहराएका व्यक्ति र तोकेको संस्थाको रक्षा गर्न र नेपाल सरकारले समय-समयमा तोकेका अन्य कार्य गर्न, अन्य प्रचलित कानुनबमोजिम तोकिएका कार्य गर्ने गरी सशस्त्र प्रहरीको जिम्मेवारी तोकिदिएको छ । देशको कुनै भागमा शान्ति र सुव्यवस्था कायम गर्ने प्रयोजनका लागि नेपाली सेना सञ्चालन भएको अवस्थामा सम्बन्धित ठाउँको सशस्त्र प्रहरी नेपाली सेनाको Command मा रहनेछन् भनी ऐनको दफा ८ ले व्यवस्था गरेको छ ।

सशस्त्र प्रहरी परिचालन गर्ने प्रयोजनको लागि सरकारलाई सुझाव दिन गृहमन्त्री वा राज्यमन्त्री अध्यक्ष रहने गरी सेनाका बलाधिकृत, रक्षा मन्त्रालयका सचिव, गृहमन्त्रालयका सचिव, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान प्रमुख सदस्यहरू रहने र सहसचिव (गृह मन्त्रालय) सदस्य सचिव रहने गरी एक केन्द्रीय सुरक्षा समितिको व्यवस्था ऐनको दफा ७ ले गरेको छ ।

राष्ट्रिय सुरक्षा परिषद्बाट पारित राष्ट्रिय सुरक्षा नीति २०७३ को दफा


*बाँकी पृष्ठ २ मा*



**भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि.**

ब्यासी-२, भक्तपुर, फोन नं.: ०१-६६१७५८७, ९७६१८०७४२१

**२४ औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस संस्थाको मिति २०८३ आश्विन २२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको **२४ औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : २०८३ मङ्सिर २६ गते, शनिबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : महाकाली पीठ, भक्तपुर नगरपालिका

**छलफलका विषयहरू** :

१. आ.व. २०८२/२०८३ को वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८२/२०८३ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८३/२०८४ को अनुमानित बजेट सम्बन्धमा ।
३. आ.व. २०८२/२०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित सम्बन्धमा ।
४. आ.व. २०८२/२०८३ को लेखापरीक्षकको प्रतिवेदन सम्बन्धमा ।
५. आ.व. २०८३/२०८४ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. शेयर लाभांस कोष र संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. सञ्चालक समितिको निर्णयहरू अनुमोदन ।
८. प्रस्तावित निर्णय प्रमाणीकरणको लागि प्रतिनिधिहरू चयन ।
९. विविध

**सञ्चालक समिति**



**आगो निभाउँदै**

बुधबार बिहान भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं. ५ छालिडस्थित दथेपुथे टोलमा निलकुमार दथेपुथेको पुरानो घरमा विद्युत् सर्त भई आगलागी भएपछि आगो निभाउने प्रयास गर्दै अग्निसमन कर्मचारीहरू, नेपाल प्रहरी र स्थानीय मानिसहरू ।

*तस्बिर : नवीन फोजु/मजदुर दैनिक*

# भक्तपुरमा कार्तिक महिनामा ६९ मुद्दा दर्ता जुवातास र भन्सार छलीविरुद्ध प्रहरीको कारबाही

भक्तपुर, २ मङ्सिर । जिल्ला प्रहरी परिसर भक्तपुरले चालू आर्थिक वर्ष २०८३/०८४ को कार्तिक महिनामा गरेका अपराध अनुसन्धान, शान्ति सुरक्षा तथा जनचेतनामूलक कार्यहरूको प्रगति विवरण सार्वजनिक गरेको छ । परिसरका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दीपककुमार कार्कीका अनुसार कार्तिक महिनामा विभिन्न शीर्षकमा ६९ वटा मुद्दा दर्ता भएका छन् भने ३७ वटा मुद्दा फछ्र्योट भएका छन् ।

विवरणअनुसार अघिल्लो असोज महिनामा १४३ वटा मुद्दा दर्ता भएका थिए । कार्तिकमा भने यो सङ्ख्या घटेर ६९ मा झरेको छ । विभिन्न आपराधिक घटनामा संलग्न १११ जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

कार्तिक महिनामा आर्थिक अपराधतर्फ बैङ्किङ कसुरका २१ र ठगीका ४ गरी २५ वटा मुद्दा दर्ता भएका छन् । त्यस्तै, जघन्य तथा गम्भीर अपराधअन्तर्गत लागूऔषधका ६ र ज्यान मार्ने उद्योगका ४ गरी १० वटा मुद्दा दर्ता भएका छन् । लागूऔषध नियन्त्रण अभियानअन्तर्गत ११ जनालाई पक्राउ गर्नुका साथै ४३.७७ ग्राम खैरो हेरोइन र ५२० ग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ ।

महिला तथा बालबालिकासम्बन्धी अपराधमा जबरजस्ती करणीका ४ र बहुविवाहको १ गरी ५ वटा मुद्दा दर्ता भएका छन् भने घटनामा संलग्न ५ जना पक्राउ परेका छन् । यसैगरी, जिल्लामा ४ जनाले आत्महत्या गरेका छन् । तीमध्ये १ जनाले विष सेवन गरेर र ३ जनाले झुन्डिएर आत्महत्या गरेको विवरणमा उल्लेख छ ।

अदालतको फैसला कार्यान्वयनतर्फ प्रहरीले उल्लेख्य सफलता हासिल गरेको छ । विभिन्न मुद्दामा फरार रहेका ५१ जना प्रतिवादीलाई पक्राउ गरी ११ वर्ष ८ महिना १६ दिन कैद तथा ८ लाख ९४ हजार ९०२ रुपैयाँ जरिवाना असुलउपर गरिएको छ ।

यसैगरी, अवैध जुवातास तथा लङ्गुरबुर्जा खेलाउने र खेल्ने ७८ जनालाई पक्राउ गरी ११ लाख ६२ हजार ५५० रुपैयाँ नगद बरामद गरिएको छ । भन्सार छली गरी ल्याइएको ९८ हजार २८० रुपैयाँ बराबरको छोकडा र खजुरसहित १ जनालाई पक्राउ गरिएको छ । प्राकृतिक सम्पदाको दोहनमा प्रयोग गरिएका २ वटा जेसीबी नियन्त्रणमा लिई १ लाख रुपैयाँ जरिवाना तिराइएको छ भने ७२० लिटर अवैध मदिरा बरामद गरिएको छ ।

कार्तिक महिनामा भक्तपुरमा ३३ वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा परी ३ जनाको मृत्यु भएको छ भने ३९ जना घाइते भएका छन् । ट्राफिक नियम उल्लङ्घन गर्ने ४९२ वटा सवारी साधनलाई कारबाही गर्दा २ लाख ३३ हजार ५०० रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

प्रहरीले समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत चाँगुनारायण र सूर्यविनायक नगरपालिकामा नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा स्थानीयवासीले चाँगुनारायण क्षेत्रमा रहेका ४० वटा सीसीटीभी क्यामेरा मर्मत नभएको, काठ कारखाना र इँटाभट्टाका सवारीसाधनले धुलो तथा धुवाँको प्रदूषण बढाएको, विद्यालयका बस तीव्रगतिमा गुड्ने गरेको र कलेज आसपास गाँजा सेवन बढेको भन्दै नियन्त्रणका लागि प्रहरीको ध्यानाकर्षण गराएका थिए ।

यसैगरी, विपद् व्यवस्थापनतर्फ ११ स्थानमा भएको आगलागीबाट १७ लाख १५ हजार रुपैयाँ बराबरको क्षति भएको छ । जिल्लाभरबाट हराएका २४ जनामध्ये २२ जनालाई प्रहरीले फेला पारी आफन्तको जिम्मा लगाएको विवरणमा उल्लेख छ ।


## भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा.-२, मो.नं.: ९८५१३६१७३८

### साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८३/७/११ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको **१९ औँ वार्षिक साधारणसभा** निम्न मिति र समयमा हुने भएकोले समयमै उपस्थित भइदिनुहुन सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति:** २०८३/०९/०५ गते, आइतबार

**समय:** दिउँसो २:०० बजे

**छलफलका विषयहरू**

१. आ.व.२०८२/८३ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.०८२/८३ को सञ्चालक समितिको सचिवको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व.०८२/८३ को कोषाध्यक्षको प्रगति प्रतिवेदन र २०८३/८४ अनुमानित बजेट सम्बन्धमा ।
४. आ.व.२०८२/८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
५. आ.व.२०८३/८४ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
६. सञ्चालक समितिबाट विभिन्न मितिमा भएका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
७. साधारणसभाको निर्णय प्रमाणीकरणको लागि प्रतिनिधि चयन सम्बन्धमा ।
८. सञ्चालक समिति र लेखा समितिको निर्वाचन ।
९. विविध ।


# कार्कीको रिटमा सर्वोच्चद्वारा कारण देखाउ आदेश जारी

काठमाडौँ, २ मङ्सिर । सर्वोच्च अदालतले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई सो पदबाट हटाएर प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकारमा नियुक्त गर्ने सरकारको निर्णयमा कारण देखाउ आदेश जारी गरेको छ ।

न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले आज कारण देखाउ आदेश जारी गर्दै रिट निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने सम्बन्धमा निर्णय गर्न दुवै पक्षलाई छलफलको लागि बोलाउने आदेश गरेको हो । यसै सन्दर्भमा अदालतले सूचना म्याद तामेल भएको मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न सरकारलाई आदेश दिएको हो ।

गत कार्तिक १८ गतेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई प्रहरी महानिरीक्षकको जिम्मेवारीबाट हटाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकारमा नियुक्त गर्ने र रिक्त प्रहरी महानिरीक्षकमा डा मनोज केसीलाई नियुक्त गर्ने निर्णय गरेको थियो ।

सरकारले आफूलाई कुनै पूर्वसूचना नदिई तथा सुनुवाइको अवसर प्रदान नगरी प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०७१ विपरीत पदबाट हटाएको जिकिर गर्दै कार्कीले गत कार्तिक २० गते सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो । सो विषयमा अदालतले यही मङ्सिर ७ गते पेशी तोकेको छ ।

# शैक्षिक गुणस्तर र प्रशासनिक सेवालाई चुस्त बनाउँदै त्रिवि

काठमाडौँ, २ मङ्सिर । शैक्षिक गुणस्तर उकास्न र प्रशासनिक सेवालाई चुस्त बनाउन त्रिभुवन विश्वविद्यालयले विकेन्द्रीकरणको नीतिलाई थप विस्तार गर्ने भएको छ । स-साना प्रशासनिक कामका लागि पनि क्याम्पसले केन्द्रीय कार्यालय नै धाउनुपर्ने विद्यमान झन्झट अन्त्य गर्न त्रिविले यो कदम चाल्न लागेको हो ।

विश्वविद्यालयका उपकुलपति भोला थापाका अनुसार शैक्षिक सुधारसँगै प्रशासनिक प्रभावकारिता, आर्थिक पारदर्शिता र संस्थागत जवाफदेहिता सुनिश्चित गर्नु नै यो अभियानको मुख्य लक्ष्य हो । 'विकेन्द्रीकरण नियम २०५५' लाई समयानुकूल अध्ययन गर्दै हालसम्म यस प्रक्रियामा सामेल नभएका क्याम्पसलाई समेट्ने त्रिविको तयारी छ ।

यसअघि विकेन्द्रीकरणमा गएका अधिकांश अध्ययन संस्थान र क्याम्पसले शैक्षिक गुणस्तरभन्दा पनि आर्थिक अधिकारको प्रयोगमा मात्र बढी ध्यान दिएको त्रिविको निष्कर्ष छ । आफूअनुकूल आर्थिक निर्णय गर्दा विश्वविद्यालयमा बेरुजुको चाङ बढेको भन्दै अब आर्थिक पाटोसँगै शैक्षिक सुधारलाई अनिवार्य प्राथमिकतामा राखेर नियम कार्यान्वयन गरिने उपकुलपति थापाले बताउनुभयो ।

प्रचलित विकेन्द्रीकरण नियमले अध्ययन संस्थान, सङ्काय, अनुसन्धान केन्द्र तथा आङ्गिक क्याम्पसलाई अनुदान दिनुका साथै नीति निर्माण, योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सामान्य कारबाही गर्नेसम्मको स्वायत्त अधिकार दिएको छ । यस्तै, कार्यकारी परिषद्ले तोकेको बाहेक अतिरिक्त शुल्क निर्धारण गर्ने बाटो पनि नियमले खुला राखेको छ ।

आर्थिक व्यवस्थापनतर्फ, सम्बन्धित निकायले आर्जन गरेको कुल आम्दानीको ३० प्रतिशत हिस्सा विश्वविद्यालयको केन्द्रीय कोषमा बुझाउनुपर्ने प्रावधान छ । बाँकी ७० प्रतिशत रकम भने आफ्नै छुट्टै कोषमा जम्मा गरी व्यवस्थापन तथा विकास परिषद्बाट बजेट स्वीकृत गराएर खर्च गर्न पाइन्छ ।

***कार्की...***

३.४.२ अन्तर्गत अन्य कार्यका अतिरिक्त दङ्गा नियन्त्रण गर्न आवश्यकतानुसार परिचालित हुनुका साथै नेपाल सरकारले सुरक्षा दिनुपर्ने ठहराइएका व्यक्ति, सार्वजनिक महत्त्वका भवन, संरचना र अन्य स्थलको सुरक्षा गर्ने, नेपालको संविधान तथा प्रचलित कानुनबमोजिम नेपाल सरकारले तोकेको अन्य कार्य आदि सशस्त्र प्रहरीको जिम्मेवारीभित्र पर्दछ ।

स्थानीय प्रशासन ऐनको २०२८ को दफा ६ (२) ले प्रमुख जिल्ला अधिकारीलाई आफ्नो कार्य क्षेत्रभित्र गम्भीर अशान्ति भएको छ र सो रोक्न प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने लागेमा यससम्बन्धी कारण तथा आधार खुलाई निजले नजीकको सशस्त्र प्रहरीको मद्दत माग्न सक्ने व्यवस्था गरेको छ ।

२३ गतेको संसद् भवन परिसरको नजिकको क्षेत्रलाई नै दङ्गाग्रस्त क्षेत्र भनी Declare गरिएको थियो भन्ने प्रश्न भने निश्चित छैन । व्यवहारिक दृष्टिकोणबाट हेर्दा २३ गतेको घटनामा सशस्त्र प्रहरी Mobilize भएको देखिन्छ । जब बानेश्वरस्थित संसद् भवन परिसरमा विभिन्न अलग-अलग दिशाबाट Attack भयो । त्यसपछि भने सशस्त्र प्रहरी बल केही समय संसद् परिसर वरिपरिको क्षेत्रमा खटिएका नेपाल प्रहरीसँग सहकार्य गरी बिचैमा उक्त क्षेत्र छोडेर गएको देखिन्छ । २४ गते काठमाडौँलगायत देशभरिका घटनाहरूमा सशस्त्र प्रहरीको उपस्थिति र सहयोग एकदमै न्यून तथा नगन्य रहेको देखिन्छ । यस प्रकारको सशस्त्र प्रहरीको व्यवहार कानुनसम्मत मात्र नभई आफ्नो जिम्मेवारीबाट पनि चुकेको देखिन्छ ।

**समस्या**

भदौ २३ र २४ को घटनाहरूमा सशस्त्र प्रहरी र नेपाल प्रहरी सुरक्षा निकायहरूबिच खासगरी Co-ordination (समन्वय) को ठुलो कमी देखियो । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबिच Inter-agency working procedure बन्न सकेको देखिँदैन ।

सशस्त्र प्रहरी बल कहाँ कहाँ प्रयोग गरिने हो त्यो Clear देखिँदैन ।

सुरक्षा उपकरणको कमीका कारण प्रहरी बलले अनावश्यक रूपमा Lethal weapon प्रयोग गर्नुपरेको छ । जसका कारण Casualty बढी हुने गरेको पाइन्छ ।

**समाधानका लागि सुझाव**

सशस्त्र प्रहरी बलमा थप जनशक्तिको आवश्यक छ । सङ्गठनको पुनर्संरचना गरी सशस्त्र प्रहरी बललाई निश्चित काममा Engage गर्न Specific कार्यदिश कानुनमा स्पष्ट लेखिनुपर्छ । सुरक्षा निकायबिच सुसङ्गठन, समन्वय र जिम्मेवारीहरू स्पष्ट गरिनु जरुरी छ ।

सुरक्षाकर्मीलाई परिचालन गर्ने जिम्मेवारी पाएका प्रमुख जिल्ला अधिकारीहरू सुरक्षा संयन्त्र परिचालनमा कानुनले तोकेका सीमा र गृहप्रशासन राम्ररी बुझेको व्यक्ति हुन जरुरी छ । प्रजिअलाई पनि Periodic training हुनु जरुरी छ ।

गृहप्रशासनलाई एक छुट्टै सेवा र क्यारीयर क्याडेटको रूपमा विकास गर्नु आवश्यक छ । सूचना प्रणाली चुस्त दुरुस्त राख्न एक अलग्गै युनिट खडा गरिनुपर्छ र त्यसले अन्य सुरक्षा अङ्गसँग सूचना आदानप्रदान गर्नुपर्ने व्यवस्था मिलाउनुपर्छ ।

सुरक्षा निकायको खर्च, स्रोत व्यवस्थापन, ठेक्का पट्टा र निर्णय प्रक्रियामा पारदर्शिता सुनिश्चित गरिनुपर्छ ।

## सङ्क्षिप्त समाचार

# टेन्ट टाँगेर आफ्नै थातथलो फर्किए टिमुरेका बाढीपीडित

रसुवा, २ मङ्सिर । गत भदौ १० गते ल्हेन्दे खोलामा आएको बाढीका कारण विस्थापित रसुवा-टिमुरेका बाढीपीडित आफ्नै थातथलो फर्किएर अस्थायी टेन्टमा बस्न थालेका छन् ।

विस्थापित ६८ घरधुरीमध्येबाट ४८ जना यही मङ्सिर १ गतेदेखि टिमुरेको खैँदीमा टेन्ट टाँगेर बस्न थालेका हुन् । बाढीपछि केही पीडित कोठा भाडामा लिएर बसेका छन् भने केही काठमाडौँमा बस्न नसकेपछि गाउँ फर्किएका हुन् ।

स्थानीय कामीनुर्पु तामाङका अनुसार ६८ घरधुरीमध्येबाट ४८ जना गाउँ फर्किएका छन् । आफ्नो जन्मभूमि, परम्परा र रीतिरिवाज जोगाउने उद्देश्यले गाउँ फर्किएको उहाँले बताउनुभयो ।

सरकारले अस्थायी बसोबासको व्यवस्था कहिलेसम्म गर्ने भन्ने टुङ्गो नलगाउँदा पीडित अन्योलमा रहेको उहाँको भनाइ छ । विभिन्न सङ्घसंस्थाले थप टेन्ट र राहत सामग्री उपलब्ध गराउने आश्वासन दिएको उहाँले जानकारी दिनुभयो । बाढीपीडितमध्ये करिब ९० प्रतिशत काठमाडौँमा बस्न नसक्ने अवस्था रहेको उल्लेख गर्दै उहाँले खेती किसानी र पशुपालन गरेर जीवनयापन गर्ने सोचका साथ गाउँ फर्किएको बताउनुभयो ।

टिमुरेका अर्का स्थानीय पेमा दोर्जे घलेका अनुसार यसअघि मुस्ताङ गुम्बामा २०७ पुरुष र २०४ महिला गरी ४११ जना बाढीपीडित आश्रित थिए । तीमध्ये १५१ बालबालिका र ८० जना वृद्धवृद्धा थिए । सरकारले अहिलेसम्म पीडितको अस्थायी बसोबास कहाँ र कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा ठोस निर्णय नगर्दा उनीहरू अन्योलमा परेको उहाँले बताउनुभयो ।

# प्रधानमन्त्री राहत कोषमा मौज्दात रकम साढे १८ अर्ब पुग्यो

काठमाडौँ, २ मङ्सिर । रसुवाको भोटेकोसी नदीमा आएको बाढी प्रभावितका लागि सहयोग जुट्ने क्रम जारी छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार सरकारले सञ्चालन गरेका प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग सङ्कलन भइरहेको छ ।

कार्यालयका अनुसार कोषका विभिन्न खातामा आज बिहान ९:०० बजेसम्म मौज्दात रकम रु. १८ अर्ब ४७ करोड आठ लाख ७२ हजार ३९५ पुगेको छ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैङ्कमा मैज्दात रु. १३ अर्ब ७३ करोड छ लाख ७७ हजार ४३० र हिमालयन बैङ्क र लक्ष्मी सनराइज बैङ्कमा रहेका डलर खातामा तीन करोड १७ लाख ५७ हजार ९७२ अमेरिकी डलर पुगेको छ । ***(रासस)***

# दूरसञ्चार सेवा प्रदायकलाई जरिवाना र ब्याज मिनाहाको सुविधा

काठमाडौँ, २ मङ्सिर । नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवा प्रदायक कम्पनीहलाई विभिन्न शुल्क, दस्तुर तथा करमा लागेको जरिवाना र ब्याज मिनाहाको सुविधा उपयोग गर्न आग्रह गरेको छ ।

प्राधिकरणले आर्थिक ऐन, २०८३ को दफा ४९ मा भएको व्यवस्थाअनुसार मङ्सिर मसान्तभित्र बक्यौता शुल्क वा दस्तुर वा कर तथा त्यसको एक प्रतिशत थप रकम दाखिला गरेमा लाग्ने जरिवाना, ब्याज तथा शुल्क मिनाहा हुने जनाएको छ ।

प्राधिकरणका अनुसार शुल्क, दस्तुर वा कर दाखिला नगरेका, कम दाखिला गरेका वा आवश्यक विवरण नबुझाएका सेवा प्रदायकले उक्त सुविधा पाउनेछन् । त्यसैगरी, सम्बन्धित कार्यालयबाट कर, शुल्क वा दस्तुर निर्धारण भई बक्यौता कायम भएका वा अदालत तथा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेका सेवा प्रदायकले मुद्दा फिर्ता लिई निर्धारित रकम र त्यसको एक प्रतिशत थप रकम बुझाएमा पनि जरिवाना तथा ब्याज मिनाहा हुनेछ ।

प्राधिकरणको अनुमतिपत्र प्राप्त सम्पूर्ण दूरसञ्चार सेवा प्रदायकलाई मङ्सिर मसान्तभित्र आवश्यक रकम दाखिला गरी उक्त सुविधाको उपयोग गर्न अनुरोध गरिएको हो । ***(रासस)***

# संरक्षण र प्रचारप्रसारको पर्खाइमा नदै गुफा

जुम्ला, २ मङ्सिर । जुम्लाको तिला गाउँपालिका-९ माथिल्लो खोप्री गाउँमा रहेको नदै गुफा उचित संरक्षण र प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ ।

गुफासम्म पुग्ने सहज बाटो नहुँदा आन्तरिक तथा बाह्य पर्यटक त्यहाँ पुग्न सकेका छैनन् । हजारौँ चमेराको बासस्थानसमेत रहेको करिब २०० मिटर लामो गुफामा पर्यटकीय सम्भावना भए पनि आवश्यक संरक्षण र प्रचारप्रसार हुन नसकेको वडाध्यक्ष धनबहादुर रावतले बताउनुभयो ।

गुफा तथा मन्दिर संरक्षण र निर्माणका लागि सङ्घीय सरकारको रु. ९० लाख बजेटबाट गुफासम्म पुग्ने पदमार्ग, धर्मशालालगायत भौतिक संरचना निर्माण गरिएको उहाँले जानकारी दिनुभयो ।

स्थानीय देविलाल बोहोराका अनुसार परम्परागत रूपमा गाईको थुनको आकारजस्तै देखिने यस गुफाबाट पानी बग्ने विशेषता छ । प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको नदै गुफालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित गराउन गाउँपालिकाले गुरुयोजना बनाएर काम अघि बढाउने अध्यक्ष मोतिलाल रोकायाले बताउनुभयो । ***(रासस)***



**लाङटाङ क्यान्जीङ गुम्पा आसपासको घरबस्ती र हिमश्रृङ्खला**

रसुवास्थित लाङटाङ क्यान्जीङ गुम्पाबाट देखिएको आसपासको घरबस्ती र पृष्ठभूमिमा हिमश्रृङ्खला । *तस्वीर : मधु शाही/रासस*

# नमोबुद्ध जात्रा : करुणा र देहत्यागको बौद्ध मान्यता जोडिएको ऐतिहासिक मेला

काभ्रेपलाञ्चोक, २ मङ्सिर । कार्तिक शुक्ल पूर्णिमाका अवसरमा काभ्रेपलाञ्चोकको नमोबुद्धमा लाग्ने तीनदिने जात्रा यस वर्ष सोमबारदेखि सुरु हुँदैछ । गौतम बुद्धको पूर्वजन्ममा एक राजकुमारले भोकले छटपटिएकी बघिनी र उनका डमरुलाई आफ्नो शरीर अर्पण गरी जीवनदान दिएको किंवदन्तीसँग जोडिएको यो जात्रा करुणा र परोपकारको सन्देश दिने धार्मिक मेलाका रूपमा परिचित छ ।

नमोबुद्ध नगरपालिका-११ मा अवस्थित ऐतिहासिक तथा धार्मिकस्थलमा कार्तिक शुक्ल चतुर्दशीदेखि पूर्णिमा हुँदै प्रतिपदासम्म तीन दिन मेला लाग्ने परम्परा छ । मेलामा स्वदेश तथा विदेशका बौद्ध धर्मावलम्बी सहभागी हुने गरेका छन् ।

किंवदन्तीअनुसार तत्कालीन पनौती राज्यका राजा महारथ र रानी सत्यवतीका तीन छोरामध्ये कान्छा राजकुमारले गन्धमान पर्वतको जङ्गलमा भोकले छटपटिएकी सुत्केरी बघिनी र उनका पाँच डमरु देखेपछि आफ्नो शरीरको मासु काटेर खुवाएका थिए । अन्ततः उनले आफ्नो देहत्याग गरी बघिनी र डमरुको जीवन बचाएका थिए । यही घटनाको स्मरणमा नमोबुद्धमा प्रत्येक वर्ष मेला लाग्ने गरेको नमोबुद्धका मूल लामागुरु कान्छा लामाले बताउनुभयो ।

लामाका अनुसार राजकुमारले जीवनदान दिएको स्थानमा पूजा तथा दीप प्रज्वलन गर्ने परम्परा छ । बघिनीलाई लक्ष्मी र उनका पाँच डमरुलाई भिक्षुका रूपमा मान्ने धार्मिक विश्वास रहेको उहाँले बताउनुभयो । राजकुमारको देहत्यागपछि राजा र रानीले पनि सोही स्थानमा बाँकी जीवन चैत्यसेवामा बिताएको किंवदन्ती छ । उनीहरू शङ्खेश्वरी अजि-अजिमाका नामले समेत परिचित रहेको लामाको भनाइ छ ।

नमोबुद्ध गुठीका अध्यक्ष लोप्साङ बज्र लामाका अनुसार जात्राको पहिलो रातभर पितृको सम्झनामा दीप प्रज्वलन गरिन्छ । रातभर बत्ती बाल्दा पितृलाई वर्षभरि उज्यालो हुने धार्मिक विश्वासका आधारमा यो परम्परा चलिआएको उहाँले बताउनुभयो । जात्राका क्रममा परम्परागत गीत तथा नृत्य प्रस्तुत गरिन्छ ।

विशेषगरी तामाङ र नेवार समुदायका भक्तजनको सहभागिता रहने मेलामा सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, भक्तपुर, ललितपुर, काठमाडौँ, धादिङ र नुवाकोटलगायत जिल्लाबाट श्रद्धालु आउने गरेका छन् ।

नमोबुद्धमा भाद्र कृष्ण द्वादशी र चैत कृष्ण द्वादशीमा पनि मेला लाग्ने गर्दछ । भाद्र कृष्ण द्वादशीका दिन नमोबुद्धको खट पनौतीस्थित राजदरबारमा ल्याई दुई दीपङ्कर बुद्ध र अजि-अजिमासहित जात्रा गर्ने परम्परा छ । राजकुमारको जन्मघर पनौतीस्थित तलेजु भवानी मन्दिरनजिक रहेको काशीवर्ण महावीरलाई मानिन्छ ।

गन्धमान पर्वतको टुप्पोमा राजकुमारको अस्थिपञ्जर सङ्कलन गरी स्तूप (चैत्य) निर्माण गरिएको अभिलेख संवत् ९७४ को रहेको बताइन्छ । पर्वतमा राजकुमारले बघिनीलाई आफ्नो शरीरको मासु खुवाइरहेको दृश्य कुँदिएको मूर्ति पनि स्थापना गरिएको छ ।

नमोबुद्ध क्षेत्रमा विशाल गुम्बा, मन्दिर, चैत्य र ढुङ्गाबाट निर्मित बुद्धका मूर्ति छन् । यहाँका गुम्बामा बुद्ध पाठशालासमेत सञ्चालनमा छ । ***(रासस)***

# काठमाडौँलाई चौबिसै घण्टा खुला गर्न तयारी गरिँदै

काठमाडौँ, २ मङ्सिर । मुलुकको सङ्घीय राजधानी काठमाडौँलाई चौबिसै घण्टा खुला गर्ने योजनासहित जिल्ला प्रशासन कार्यालयले आवश्यक तयारी अगाडि बढाएको छ ।

काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले एक सूचना जारी गरी काठमाडौँलाई सुरक्षित, व्यवस्थित र व्यवसायमैत्री बनाउँदै चौबीसै घण्टा सञ्चालन गर्न सकिने वातावरण निर्माणका लागि आवश्यक तयारी भइरहेको जानकारी दिनुभएको छ ।

राजधानीको प्रमुख पर्यटकीय तथा व्यापारिक क्षेत्र ठमेल र दरबारमार्गलाई यसअघि नै २४ घण्टा खुला गरिसकिएको छ । विस २०८१ वैशाख १ गते तत्कालीन उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको उपस्थितिमा ती स्थानलाई २४ सै सञ्चालन गरिएको थियो ।

काठमाडौँ देशको अत्यन्त महत्त्वपूर्ण स्थान भएकाले जिल्लाभरि भरपर्दो सुरक्षा व्यवस्थापनसहित सडक यातायात, स्वास्थ्य सेवा, विद्युत्, इन्टरनेट, सिसीटिभी, सडक बत्तीलगायतका न्यूनतम पूर्वाधार व्यवस्थित गर्ने काम भइरहेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनुभयो ।

त्यस्तै यातायात, व्यवसाय, व्यापार, स्वास्थ्य क्षेत्र, आपूर्ति व्यवस्था र सुरक्षाको भरपर्दो प्रबन्ध गरी २४ घण्टा खुला गर्ने अभियानलाई रणनीतिक रूपमा अघि बढाइएको जिल्ला प्रशासन कार्यालय काठमाडौँले जनाएको छ ।

काठमाडौँ जिल्लाभित्र व्यापार, व्यवसाय तथा बजार क्षेत्रसमेत २४सै घण्टा सञ्चालन गर्ने विषयमा स्थानीय तह, विभिन्न निकाय, यातायात व्यवसायी तथा निजी क्षेत्रसँग समन्वय र छलफल गरिने जनाइएको छ ।

***(रासस)***

# स्रोत नखुलेको नगदसहित तीन जना पक्राउ

काठमाडौँ, २ मङ्सिर । ललितपुर महानगरपालिका-४ नख्खु दोबाटो चोकबाट स्रोत नखुलेको नगद रु. एक करोड ६७ लाख ३३ हजार २३० सहित तीन जनालाई मङ्गलबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा ललितपुर गोदावरी नगरपालिका-१० चापागाउँ बस्ने ३२ वर्षीय जयराम केसी, काठमाडौँ कोटेश्वर बस्ने भोजपुर नगरपालिका-३ घर भएका ३१ वर्षीय दीपक खड्का र काठमाडौँ बत्तीसपुतली बस्ने काठमाडौँ महानगरपालिका-१० बानेश्वर घर भएका २९ वर्षीय प्रज्वल रिजाल रहेका छन् ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

त्यसैबिच, ललितपुर महानगरपालिका-२९ बस्ने २८ वर्षीय रवीन्द्र मगरातीलाई मङ्गलबार प्रहरीले पक्राउ गरेको छ । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी रोमानिया र बेलारूस पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा मगरातीलाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जानकारी दिएको छ ।

रवीन्द्रले पाँच जनाबाट रु. चार लाख २० हजार लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काटमाडौँ महानगरपालिका-२९ बाट पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको छ । ***(रासस)***

। सम्पादकीय ।

# अपराधीहरू नातिको पालामा पनि दण्डित हुने

रास्वपाको सरकार आएको ८ महिना पुग्यो। केही मानिसहरू देश थप सङ्कटमा परेको बताउँदै छन्। यस्तो अवस्थामा कोही प्रधानमन्त्री र मन्त्री बन्नुको के अर्थ ? आजसम्म सरकारमा गएका राजनीतिक दल र तिनका नेताहरूको गतिविधि देशभक्त नभएको पनि ती मानिसहरूको तर्क हो। देश र जनतालाई केन्द्रमा राखेर काम गर्नेहरू सरकारमा पुग्न नसकेकाले देशमा सङ्कट थपिएको पनि सत्य हो। शासक दलहरूको राजनीतिक कार्यक्रम र गतिविधि हेर्दा नेपाली कति प्रतिशत भनी प्रश्न उठाउने पनि धेरै छन्।

कुनै पनि देशको सार्वभौमसत्ता अखण्डित हुन्छ। हिमाल, पहाड, तराईमा फैलिएको नेपालको सार्वभौम सत्ता खण्डित भयो कि भनी आशङ्का बढेको कारण पनि शासक दलहरू नै हुन्। शासक दलहरूले नै जातजाति र भाषाभाषीको सङ्गठन बनाउन थालेका हुन्। मानिस सुसंस्कृत भएपछि आजको जातजातिमा रहेको विभेद समाप्त हुनेछ भने वर्गीय समाज पनि अन्त्य हुनेछ।

कोही कोहीले २०६२/६३ सम्म १० वर्षको माओवादी सशस्त्र द्वन्द्वयता धर्मनिरपेक्षता विषय संविधानमा राखिँदा देश कमजोर भएको तर्क राख्छन्। धर्म मानिसको संस्कृति र कर्तव्यको रूपमा अघि बढे देश कमजोर हुनेछैन। धर्मको आधारमा केही धर्मावलम्बी जातले माथि हुने अवस्था समाप्त हुनुपर्दछ। यस अर्थमा धर्मनिरपेक्षतालाई हेरिए देश बलियो नै हुनेछ।

सन् १९५८ यता नेपाली युवा सेना संयुक्त राष्ट्र सङ्घको 'मिसन' मा पठाइँदै छ। यस विषयलाई केहीले नेपालको सार्वभौमिकता रक्षामा केन्द्रित हुनुपर्ने सेना 'विदेशी डलर' कमाउने धन्दामा केन्द्रित भएको दाबी गरे। यसकारण गत वर्ष भदौ २३ र २४ गते निहत्था जनताको मृत्यु र देशभरिभैँ लुटपाट, तोडफोड, आगजनी गरिए पनि सेना टुलुटुलु हेर्नुपर्ने अवस्थामा पुऱ्याइएको पनि सार्वजनिक भयो। केहीले नेपाली सेनालाई ठेक्कामा लगाउन नहुने पनि दाबी गरे। वास्तवमा सेनालाई सार्वभौमिकता रक्षा र देशका सम्पदा, जलस्रोत एवम् सीमा रक्षामा केन्द्रित गर्नु जरूरी हुन्छ।

२०६२/६३ मा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने नाममा सेनालाई ब्यारेकको ५ किमिभन्दा बाहिर जान नपाउने सम्झौता गरियो। यो देशघाती निर्णयको नेमकिपाले मात्र विरोध गऱ्यो। त्यतिखेर केहीले माओवादीलाई स्वदेशीले बोकेको होइन भन्न थाले। बुझ्नेहरूले माओवादीलाई भारतीय शासकवर्गको 'ट्रोजन हर्स' भनी स्पष्ट गरेकै हुन्। माओवादीले वर्गीय आन्दोलनभन्दा जातीय विषय उठाएकोलाई तत्कालीन शासक दलहरूले खण्डन गर्न सकेनन्।

गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव हुनेबारे एक पत्रकार दिनेश त्रिपाठीले एक वर्षअगाडि २०८१ साउन ३१ गते 'घटना र विचार' पत्रिकामा बङ्गलादेशको युनुसजस्तै नेपालमा बालेनलाई बनाइने लेखेका थिए। यो विषय पत्रकार त्रिपाठीलाई कसरी थाहा भयो ? यस्तो गम्भीर विषय सार्वजनिक हुँदा पनि त्यसबेलाका सरकार र तिनका नेताहरू के गरेर बसे ? कतिपयले सरकार फेसबुक पार्टीको बनेको र लय र सङ्गीतबिनाको गीत गाउने जस्तो सरकार चलाउने हुननसक्ने पनि बताउँदै छन्। कसैले राजदूतावासमा दर्ता भएको पार्टी जनताको नहुने पनि बताए। अपराध गर्नेहरू नातिको पालामा पनि दण्डित हुने अधिकांशको मत रहेको छ।

# गाजाको हिउँद - अन्त्यहीन युद्ध र असुरक्षित आश्रयस्थल

● डा. जिहाद मालाका

हाम्रो अस्तित्वको गहिरो त्रासदी र नाजुकता प्रकट गर्न गाजामा हामीलाई कुनै कठोर हिउँद वा असाधारण आँधीको आवश्यकता थिएन। एउटै भारी वर्षाले हजारौँ परिवारलाई फेरि सुरुको अवस्थामा फर्कायो - पालहरू डुबानमा परे, ओछ्यानका डसनाहरू भिजेर स्पन्जजस्तै भए र बालबालिकाहरू फेरि अर्को रात सुरक्षित आश्रयबिना नै बिताउन बाध्य भए।

हाल नोभेम्बर २०२६ को पहिलो हिउँदे वर्षाका बेला जे भयो, त्यो क्षणिक मौसमी घटना मात्र थिएन। यसले एउटा अझ गहिरो सङ्कटलाई छर्लङ्ग पारिदियो; एउटा यस्तो सङ्कट, जुन वर्षा छेक्ने पालको भौतिक क्षमताभन्दा कैयौँ गुणा ठुलो छ। यसले देखाएको छ कि आधारभूत आवश्यकताहरू पुनर्स्थापित नगरी विनाशकारी युद्धबाट उत्पन्न भएको जनसङ्ख्या अब अर्को कठोर हिउँदमा प्रवेश गरिरहेको छ, लाखौँ विस्थापित आत्माहरू सुरक्षित आश्रयबाट पूर्ण रूपमा बञ्चित छन्।

गाजाको आधिकारिक तथ्याङ्कअनुसार, आँधीको सुरुवाती घण्टाहरूमा करिब ७० हजार पालहरू डुबानमा परेका थिए, जबकि नागरिक सुरक्षा टोलीहरूले केवल दस घण्टाको अवधिमा करिब पन्ध्र सय आपत्कालीन सहायता कलहरू प्राप्त गरेका थिए। यी तथ्याङ्कहरूले भौतिक विनाश मात्र मापन गर्दैनन्; यिनले मानवीय अस्तित्वका लागि चाहिने आवश्यकताहरू र तिनलाई सम्बोधन गर्ने घट्दो क्षमताबिचको बढ्दो खाडललाई पनि उजागर पार्छन्।

तर, मुख्य प्रश्न यो होइन कि कतिवटा पालहरू डुबानमा परे, बरु प्रश्न यो हो कि वर्षौँअघि आफ्नो घर गुमाएका परिवारहरूका लागि अझै क्यानभासको पाल नै किन एकमात्र विकल्पका रूपमा बाँकी छ।

विस्थापित परिवारहरू घर फर्कन वा अन्य वैकल्पिक बसोबासको व्यवस्था शून्य सुरक्षा प्रदान गर्दछ।

यो सङ्कट अब पालको अभावमा मात्र सीमित छैन; यो त आश्रयस्थलको आधारभूत स्वरूप र त्यस्ता विकल्पहरूको पूर्ण अभावसँग जोडिएको छ, जसले मानिसहरूलाई कम्तीमा न्यूनतम स्थिरता पुनः प्राप्त गर्न सघाउन सकोस्। छोटो अवधिको आपत्कालीन आश्रयका लागि बनाइएको पाल कहिल्यै पनि स्थायी बसोबासको रूपमा काम आउन सक्दैन। यसले नष्ट भएको घरको स्थान लिन सक्दैन, बालबालिका हुर्काउन स्वस्थ वातावरण प्रदान गर्न सक्दैन वा बिरामी तथा वृद्धवृद्धाहरूलाई निरन्तरको चिसो र ओसिलोपनको विनाशकारी असरबाट जोगाउन सक्दैन। यहाँ, सङ्कट आपत्कालीन राहतको दायराभन्दा पर पुगेको छ; यस्तो अवस्थामा बाँच्नु भनेको निरन्तर क्षय हुने एउटा दैनिक प्रक्रिया बन्न पुगेको छ, जसले बिस्तारै मानिसको चरम अभावको सामना गरिरहेका छन्। गाजा सहरमा मात्रै, वर्षाको पानी निकास गर्ने दर्जनौँ किलोमिटर पाइपलाइन र सयौँ किलोमिटर ढल निकासका लाइनहरू ध्वस्त भएका छन्। वर्षाको पानी जम्मा गर्ने मुख्य पोखरीहरू र पम्पिङ स्टेसनहरू पनि काम नलाग्ने अवस्थामा पुगेका छन्।

यस अर्थमा, गाजाले हिउँदे आँधीको सामना मात्र गरिरहेको छैन; यसले त लामो समयदेखिको विनाशको भारको सामना गरिरहेको छ जसले प्राकृतिक प्रतिकूलताहरू झेल्ने यसको क्षमतालाई नै अक्षम बनाइदिएको छ।

यो विपत्ति बाढीले डुबेका पालहरूमा मात्र रोकिँदैन। अनगिन्ती आश्रयस्थलहरूमा बसिरहने वा भत्किनै लागेका, चर्किएका र असुरक्षित संरचनाहरूमा फर्किने।

हरेक मानवीय सङ्कटमा, सहायतालाई प्राथमिक प्रतिक्रियाको रूपमा




गाजापट्टीको अल-मावासी क्षेत्रको हवाई दृश्य, जहाँ विस्थापित प्यालेस्टिनीहरू पालमा बसोबास गर्छन्।




इजरायली सेनाको फिर्तीपछि र युद्धविराम लागू भएसँगै गाजापट्टीको रफाहमा देखिएको विनाशको हवाई दृश्य।

नहुञ्जेलसम्मका लागि, अस्थायी आपत्कालीन समाधानको रूपमा पालको व्यवस्था गरिएको थियो। यद्यपि, गाजामा, 'अस्थायी' भन्दा-भन्दै वर्षौँसम्म साँघुरो, निसास्सिने ठाउँहरूमा बिताइएको छ; जहाँ गोपनीयता, भेन्टिलेसन वा आधारभूत सरसफाइको सुविधा छैन, जसले ग्रीष्मको प्रचण्ड गर्मी वा जाडोको चिसो वर्षाबाट सहनशक्ति र मर्यादालाई कमजोर पार्दै लैजान्छ।

हालैको यो आँधी विशेष गरी विनाशकारी हुनुको कारण के हो भने, युद्धका कारण पूर्ण रूपमा ध्वस्त भइसकेको पूर्वाधारमाथि वर्षा भयो। वर्षाको पानीले निकास प्रणाली, ढल निकास लाइन, सडक र नगरपालिकाका परिवारहरू संरचनात्मक रूपमा कमजोर भवनहरूमा बसोबास गर्छन्, जसका भित्ता र छानोहरू भत्किसकेका छन्; हावाहुरी र वर्षा तीव्र हुँदै जाँदा यी भवनहरू जुनसुकै बेला ढल्न सक्ने जोखिममा छन्। यसरी विस्थापित बासिन्दाहरू दुई जोखिमपूर्ण विकल्पहरूको बिचमा फसेका छन् कि त कुनै सुरक्षा प्रदान नदिने कमजोर प्रस्तुत गरिन्छ। तर, गाजाको अनुभवले के पुष्टि गर्छ भने, सहायता वितरण भनेको कुल रकम वा ट्रकहरूको सङ्ख्याको विषय मात्र होइन; यो त राहत सामग्री वास्तवमै खाँचोमा परेका मानिसहरूसम्म पुग्छन् कि पुग्दैनन् र कस्ता किसिमका सामग्रीहरू भित्र्याउन अनुमति दिइन्छ भन्ने कुरामा निर्भर गर्दछ। टेन्ट, म्याट्रेस, कम्बल, पानी नछिर्ने पाताहरू र आश्रयस्थल मर्मत सामग्रीहरू ढिलाइ गर्न सकिने विलासिताका वस्तुहरू होइनन्। बरु, यी त सम्भावित विपद्हरूको असर कम गर्न जीवन बचाउने अत्यावश्यक सामग्रीहरू हुन्। हालको मौज्दात तीव्रगतिमा बढिरहेको आवश्यकताका तुलनामा अत्यन्तै अपर्याप्त छ। आधारभूत सेवाहरूलाई कायम राख्न जाडोयामका लागि आवश्यक सामग्री, भारी मेसिनरी र अति महत्त्वपूर्ण पार्टपुर्जाहरू भित्र्याउन तत्काल कदम चाल्नु आवश्यक छ। आश्रय निर्माण सामग्रीमाथि कायम प्रतिबन्ध र आर्थिक स्रोतको अभावका कारण ठुलो सङ्ख्यामा प्यालेस्टिनीहरू अर्को हिउँद पनि जीर्ण पाल र भत्किएका भग्नावशेषहरूभित्र बिताउन बाध्य हुनेछन्।

यो यथार्थले अन्तर्राष्ट्रिय समुदायमाथि स्पष्ट राजनीतिक तथा कानुनी जिम्मेवारी सुम्पन्छ; एउटा यस्तो जिम्मेवारी जसलाई ऐक्यबद्धताका खोक्रो अभिव्यक्ति वा समय विषेशमा गरिने आर्थिक सङ्कलन अभियानहरूमा सीमित गर्न सकिँदैन। नागरिकको सुरक्षा गर्नु र उनीहरूको बाँच्ने अधिकार सुनिश्चित गर्नु कुनै परोपकारी कार्य होइन। यो विपद् आइसकेपछि मात्र गरिने प्रतिक्रियात्मक वा मौसमी किसिमका हस्तक्षेपहरूको बन्धक पनि बन्नु हुँदैन। सम्पूर्ण जनसङ्ख्यालाई डुबानको जोखिममा छोडिदिनु र त्यसैमाथि आश्रयका सामग्री तथा आधारभूत सेवाहरूमा रोक लगाउनुको अर्थ, बमबारी रोकिँदैमा युद्धको भयावहता समाप्त हुँदैन। बरु, बाँच्नका लागि गरिने दैनिक सङ्घर्षका हरेक पक्षमा यसले मानिसलाई सताइरहन्छ।

*बाँकी पृष्ठ ८ मा*

# सन् १९१७ को मजदुर क्रान्ति - १०

✍ नारायणमान बिजुक्छें (रोहित)

**किसान महाधिवेशन**

किसानहरूको सोभियतहरूको कार्यकारिणी समितिले किसानहरूको एक महाधिवेशन बोलायो। त्यसमा भाग लिन २३ नोभेम्बरको दिन ४ सय प्रतिनिधि पेट्रोग्राद पुगे। तिनीहरूले पार्टीका गुप्त सभाहरू राखे। प्रतिनिधिहरूमा ५ भागको १ भाग मात्र बोल्शेभिक थिए। ४ भागको एक भाग दक्षिणपन्थी समाजवादी-क्रान्तिकारी थिए। ठुलो सङ्ख्या वामपन्थी समाजवादी क्रान्तिकारीहरूको थियो।

किसानहरूको महाधिवेशन ड्युमाको भवन अलेक्सान्द्र सभाकक्षमा भयो। सभाकक्षमा मानिसहरू खचाखच थिए। होहल्लाको माझमा सभा सुरु भयो। वामपन्थी समाजवादी क्रान्तिकारीहरूका नेता मारिया स्पिरिदोनोभा बैठकको सभापति चुनिए। बहुमत प्रतिनिधि मन्त्रिपरिषद् र सोभियत सरकारको विरोधमा थिए।

बोल्शेभिकहरूको तर्फबाट जिनोभिएभले बोल्न लाग्दा हाहु गरे र बोल्नै दिएनन्; उनी डबलीबाट तल झरे। सोभियत सरकार मजदुरहरूको मात्रै हुकुम भयो; त्यसमा सबै प्रजातन्त्रवादीहरू हुनुपर्दछ भनेर होहल्ला गर्न थाले। दुई दिनसम्म प्रतिनिधिहरू बोल्शेभिकहरूको विरोधमा बोल्दै थिए।

तेस्रो दिन अचानक लेनिन डबलीमा उभिनुभयो। प्रतिनिधिहरू 'कुनै मन्त्रीको कुरो सुन्दैनौं; हामी तपाईंको सरकारलाई मान्दैनौं।' भनेर ठुलठुलो स्वरले कराए। दस मिनेटसम्म सभामा हाहाहुहु र 'लेनिन मुर्दावाद !' भनेर कराइरहे।

लेनिनले चुपचाप विचलित नभई, फिटिक्क नचली, दुवै हातले मेचलाई समाती होहल्ला भइरहेको ठाउँमा हेरिरहनुभयो। केही समयपछि दक्षिणपन्थीहरूबाहेक अरु चुप लागे। होहल्ला अलि शान्त भयो। "म यहाँ जनकमिसार परिषद्को सदस्यको रूपमा आएको होइन," लेनिनले बोल्न सुरु गर्नुभयो। फेरि होहल्ला भयो। उहाँले आफ्नो परिचयपत्र देखाउँदै भन्नुभयो, "बरु म यस महाधिवेशनमा औपचारिकरूपले चुनिएको बोल्शेभिक दलको सदस्यको रूपमा आएको हुँ।"

शान्त र दृढ स्वरले उहाँले भन्नुभयो, "रुसको समाजवादी-राजनीतिक पार्टीले आफूलाई त्यस पाइलोलाई रोक्ने स्वीकृति दिनेछैन।" त्यसपछि उहाँले 'चमेराहरू' लाई ठीक ठाउँमा आउन आह्वान गर्दै भन्नुभयो, "पुँजीपतिवर्गसँग कुनै सम्झौता सम्भव छैन; तिनीहरूको शक्तिलाई ध्वस्त गर्नु आवश्यक छ।" अन्त्यमा भन्नुभयो, "त्यस क्रान्तिकारी शक्तिमा भरोसा राख्नुहोस्; आफ्नो बन्दुकलाई नबिर्सनुहोस् !"

महाधिवेशनमा लेनिनले प्रस्तुत गर्नुभएको भूमिसम्बन्धी प्रस्तावमा चर्काचर्की हुँदै थियो। उता स्मोल्नीमा बोल्शेभिक र वामपन्थी समाजवादी क्रान्तिकारीहरूको माझमा गुप्त कुराकानी भइरहेको थियो। अनेक तानातानपछि २८ नोभेम्बरको दिन एक सम्झौता भयो। अब महाधिवेशन किसानहरूको सोभियतको केन्द्रीय अफिसमा हुने भयो।

२९ नोभेम्बरको दिन महाधिवेशनको असाधारण बैठक सुरु भयो। यो मजदुर र किसानहरूको ऐतिहासिक एकताको दिवस थियो। अधिवेशनपछि मजदुर, किसान र सिपाहीहरूको एक ठुलो मसाल जुलुस स्मोल्नीतिर गयो। रातो झन्डा फहराउँदै गएको त्यो जुलुस स्मोल्नीको सभा भवनभित्र पुग्यो। सभा भवनमा मजदुर र सिपाहीहरूका प्रतिनिधि थिए। तिनीहरू सबै एक आपसमा अँगालो हाल्न थाले।

डबलीमा गएर मजदुर र सैनिकहरूका सोभियतहरूका अध्यक्ष स्वेर्दलोभले 'विजयी अधिवेशन' भनेर सबैलाई स्वागत गरे। वामपन्थी समाजवादी क्रान्तिकारी पार्टीकी मुख्य नेता मारिया स्पिरिदोनोभाले भनिन्, "रुसका, मजदुरवर्गसामु इतिहासमै आजसम्म नदेखिएको आकाश उघ्रेको छ।... उहिले सबै मजदुर आन्दोलन हार्नुपरेको थियो। तर, आजको आन्दोलन अन्तर्राष्ट्रिय हो। यसकारण यसलाई हराउन सकिने छैन। क्रान्तिको ज्वालालाई निभाउन सक्ने कुनै शक्ति संसारमा छैन। पुरानो संसार भत्किरहेछ र नयाँ संसार निर्माण हुँदै छ।"

महाधिवेशनपछि बोल्शेभिक पार्टीले गरिब किसानहरूको सङ्गठनमा जोड दियो। तर, रुसी जनतालाई शोषण गरिरहेका सबै विदेशी पुँजी राष्ट्रियकरण गरियो।

विश्वयुद्धमा एकातिर जर्मनी र अस्ट्रिया थियो भने अर्कोतिर बेलायत, फ्रान्स र रुस थियो। क्रान्ति, समाजवाद र सोभियत सरकारलाई जोगाउन शान्ति आवश्यक थियो। 'मित्र राष्ट्रहरू' भनिने बेलायत र फ्रान्सले रुसको शान्ति प्रस्तावलाई अस्वीकार गरे। अनि रुसले विरोधी पक्ष र अस्ट्रियासँग कुरा चलाउने निर्णय गऱ्यो। ३ डिसेम्बर १९१७ को दिन जर्मनीसँग पोल्यान्ड र रुसको ब्रेस्ट-लितोभ्स्कमा कुराकानी भयो। ५ डिसेम्बरको दिन शान्ति सन्धिमा हस्ताक्षर भयो।

जर्मनी साम्राज्यवादी देश थियो। जर्मनी पोल्यान्ड, युक्रेन र बाल्टिक देशहरूलाई आफूमातहत राख्न चाहन्थ्यो। त्यसलाई स्वीकार नगरे नयाँ सोभियत हुकुम र समाजवादी क्रान्तिलाई जोगाइराख्न गाह्रो थियो। त्यसैले त्यस्तो नराम्रो सर्तलाई केही दिन मानेर भए पनि नयाँ लालसेना बढाउन फुर्सतको खाँचो थियो।

तर, मेन्शेभिकहरू र समाजवादी क्रान्तिकारीहरूले सोभियत हुकुमलाई बलियो पार्न शान्तिको विरोधमा प्रचार आन्दोलन चलाए। त्रोत्स्की र बुखारिन पनि 'वामपन्थी कम्युनिस्ट' भनिने रोदक प्याताकोभसँग मिलेर लेनिनको विरोधमा पार्टीभित्रै सङ्घर्ष गर्न थाले। तिनीहरूले त्यसलाई 'देश बेचुवा सन्धि' भने। त्यस्ता उत्ताउला नारा लगाउन तिनीहरूलाई विदेशीहरूले उक्साएका थिए।

**संविधानसभा भङ्ग**

३० नोभेम्बरको दिन संविधानसभाको चुनाव थियो। पुँजीपतिवर्ग र सबै विरोधीको आशाको केन्द्र नै संविधानसभा थियो। पेट्रोग्रादको चुनावमा बोल्शेभिकहरूले ४ लाख २४ हजार २७ मत पाएका थिए। वामपन्थी समाजवादी क्रान्तिकारीहरूले १ लाख ५२ हजार २३० मत पाएका थिए। चुनावमा १९ वटा पार्टीले ५५ प्रतिशत मत प्राप्त गरेका थिए। झन्डै एकतिहाइ मतदाताले बोल्शेभिकहरूलाई मत दिएका थिए।



किसानहरूसँग लेनिन



किसान सोभियतहरूको सम्मेलन

वर्तमान सरकार बोल्शेभिक पार्टीले बनाएको छ भन्ने कुरो कसैले अस्वीकार गर्न सक्दैन।" फेरि दक्षिणपन्थीहरू ठुलठुलो स्वरले हल्ला गर्न थाले।

पछि फेरि साधारण भाषामा जमिनदारहरूको जग्गा किसानहरूले पाएजस्तै पुँजीपतिहरूको कारखाना मजदुरहरूको नियन्त्रणमा गएको कुरो लेनिनले बताउनुभयो। विरोधीहरूलाई चेतावनी दिँदै अन्त्यमा लेनिनले भन्नुभयो, "संविधानसभाले सोभियतहरूलाई खतम गर्न खोज्यो भने हामी त्यसो गर्न दिनेछैनौं।" २७ डिसेम्बरको दिन पनि भूमिसम्बन्धी कुरामा छलफल हुँदै गयो। विरोधीहरू भूमि समस्या र क्रान्तिलाई अलगअलग दृष्टिले हेर्थे।

लेनिन फेरि डबलीमा देखापर्नुभयो। प्रतिनिधिहरू ध्यान दिएर सुन्न थाले। उहाँले भन्नुभयो, "सारा जनताको बौद्धिक विकासले नस्वीकारेसम्म समाजवाद नल्याउने हो भने ५०० वर्षसम्म हामीकहाँ समाजवाद आउनेछैन। साधारण जनता अशिक्षित छन् भनेर मजदुरवर्गको अग्रदूत 'वामपन्थी' समाजवादी क्रान्तिकारीहरूको सङ्गठन धेरैजसो कुलाकहरू (धनी किसान) को माझमा थियो।

सोभियत सरकारले पुरानो मन्त्रालयलाई भङ्ग गरेर नयाँ जनकमिसार समितिहरू बनायो। अर्थतन्त्र बिगार्न खोज्ने गतिविधिलाई दबाउन र उद्योगधन्दा चलाउन 'राष्ट्रिय रुसी असाधारण समिति' बनाइयो। धर्मको नाममा जग्गामा गरिएको कब्जालाई समाप्त पाऱ्यो। राज्य र विद्यालयहरूलाई चर्च (धार्मिक संस्था) बाट अलग गरिदियो, विभिन्न जाति र स्वास्नीमान्छेलाई लोग्नेमान्छेसरह समानताको घोषणा गरी सामन्तवादका बाँकी बक्यौतालाई समाप्त गर्ने घोषणा गऱ्यो।

पुँजीपतिवर्गको आर्थिक स्थितिलाई कमजोर पार्न उद्योगधन्दा, बैङ्क, रेल बाटो, विदेश व्यापार, खानी र कारखानाहरू सबै राष्ट्रियकरण गरियो। रुसलाई विदेशी पुँजीबाट मुक्त गर्न जार सरकारले लिएका सबै विदेशी ऋण नतिर्ने घोषणा गरियो र ५ जनवरी (अन्तर्राष्ट्रिय पात्रोमा १८ जनवरी) १९१८ को दिन संविधानसभाको अधिवेशन थियो। प्रतिक्रियावादी अफिसर, ठुलठुला कर्मचारी र भुवाको कोट लगाएका बुद्धिजीवी एवम् सृङ्गारले धपक्क बलेका महिलाहरूले एक प्रदर्शन गरे। त्यस प्रदर्शनमा १५ हजार मानिस थिए; तिनीहरू पुराना राजतन्त्रवादीहरू थिए। तर, तिनले रातो झन्डा बोकेका थिए। ती भुँडी फुलेका जमिनदारहरू 'जनताको निम्ति हामी भोकै बस्यौं र हामीले आफ्नो रगत बगायौं' भन्ने क्रान्तिकारी गीत गाउँदै अघि बढेका थिए। त्यस जुलुसमा धेरैजसो बोल्शेभिकहरूबाट उन्मूलन गरेको निजी स्वामित्वलाई रक्षा गर्न चाहने विश्वविद्यालयका विद्यार्थीहरू (श्वेत गार्ड, पुँजीवादी स्वयंसेवक), क्रान्तिकारी आन्दोलनसँग लड्न जारशाहीको पुलिसले बनाएको (यमदूत सभा) गुटका मानिसहरू बढी थिए। मजदुर र किसानहरूको त नामनिसान पनि थिएन। शोषकवर्गले प्रतिक्रियावादी जुलुसलाई रातो झन्डा र क्रान्तिकारी गीतले क्रान्तिकारी बनाउन खोजेका थिए।

त्यस जुलुसको विरोधमा बोल्शेभिकहरूले पनि ५ लाख सहभागी भएको जुलुस निकाले। यो वर्गसङ्घर्षको उदाहरण थियो।

रुसमा सोभियतहरू जनताको दैनिक जीवनको एक अङ्ग बनिसकेका थिए। त्यही सोभियतहरूले जनताको जमिन, कारखाना र शान्ति ल्याइदिएका थिए। तर, संविधानसभामा बहुमतविरोधी पार्टीका प्रतिनिधि हुनाले सोभियतहरूको दोस्रो महाधिवेशनले स्वीकार गरेका सबै ऐन कानुन र आज्ञाहरूलाई अस्वीकार गऱ्यो। संविधानसभाले सोभियत सरकार, रुसी जनताको इच्छा र आकाङ्क्षाहरूको ठीकविपरीत काम गऱ्यो। यसकारण, त्यसको भोलिपल्ट ९ जनवरी (१६ जनवरी) १९१८ को दिन सैनिक क्रान्तिकारी समितिले त्यसलाई भङ्ग गरिदियो। जलसेनाका सिपाहीहरू सभा भवनमा गएर सबैलाई बाहिर निकाले। यसप्रकार, शोषकवर्गको अन्तिम आशा पनि समाप्त भयो।

जर्मनीसँग सम्झौतापत्रमा हस्ताक्षर गर्न सोभियत सरकारको तर्फबाट एक प्रतिनिधिमण्डल पठाइयो। त्यसको नेतृत्व विदेशमन्त्री त्रोत्स्कीले गरेका थिए। १० फेब्रुअरी १९१८ को दिन त्रोत्स्कीले बोल्शेभिक पार्टीको निर्देशनको विरोधमा जर्मनीको प्रस्तावित सर्तमा सन्धि नगर्ने घोषणा गरे। जर्मनीले पनि सम्झौता भङ्ग गऱ्यो र रुसमाथि हमला सुरु गरिहाल्यो।

रुसको पुरानो सेना भागाभाग गर्न थाल्यो। रुसको ठुलो भू-भाग जर्मनीको हातमा पऱ्यो। पेट्रोग्राद खतरामा पर्न थाल्यो। सोभियत हुकुम समाप्त हुनासाथै रुस जर्मनीको उपनिवेश बन्ने थियो। वास्तवमा यो त्रोत्स्कीको विश्वासघातको परिणाम थियो।

जर्मनीको साम्राज्यवादी आक्रमणको विरोधमा पार्टीले 'समाजवादी मातृभूमि खतरामा छ' भन्ने नारा दियो। मजदुरहरू लालसेनामा भर्ना हुन थाले। जनताको नयाँ क्रान्तिकारी सेना जर्मनीसँग जुझ्न थाल्यो र जर्मनी सेनालाई पछाडि धकेलिदियो। पेट्रोग्राद जोगियो। यसरी २३ फेब्रुअरीको दिनलाई सेनाको जन्म दिन मनाइयो।

केन्द्रीय समितिमा लेनिन, स्तालिन र स्वेर्दलोभले त्रोत्स्की, बुखारिन र त्यस्तै विचार राख्नेहरूसँग सैद्धान्तिक सङ्घर्ष गर्दै शान्ति स्थापनाको पक्ष लिए। त्रोत्स्की र बुखारिनको विश्वासघातले गर्दा पोल्यान्डमात्र होइन अब लात्भिया र इस्टोनियासमेत जर्मनीको हातमा गयो; युक्रेन पनि जर्मनीको मातहतमा पुग्यो। त्रोत्स्की र बुखारिनका उत्ताउला नारा एवम् कार्यले जर्मन साम्राज्यवादीहरूलाई मद्दत गऱ्यो र जर्मनीको क्रान्तिमा बाधा पारे। यसकारण, सोभियत गणतन्त्रले जर्मनीले मागेको हर्जाना तिर्न कबुल गर्नुपऱ्यो।

**सातौं पार्टी महाधिवेशन**

त्रोत्स्की, बुखारिन र अरु 'वामपन्थी कम्युनिस्ट' भनिने उत्ताउला गुटहरूले सोभियत सरकार कब्जा गर्ने, सन्धि भङ्ग गर्ने अनि लेनिन, स्तालिन र स्वेर्दलोभलाई पक्राउ गरी हत्या गर्ने षड्यन्त्र रचे। षड्यन्त्रकारी र पार्टीविरोधी त्यस गुटसँग सङ्घर्ष गर्न ६ मार्च १९१८ को दिन पार्टीको सातौं महाधिवेशन बोलाइयो।

त्यसबेला पार्टी सदस्य सङ्ख्या २ लाख ७० हजार थियो। केही प्रदेश जर्मनीको अधिकारमा गएको र हतारमा बोलाइएको हुँदा धेरै सङ्गठनले बैठकमा भाग लिन पाएनन्। त्यसकारण, १ लाख ४२ हजार सदस्यले मात्र आफ्ना प्रतिनिधि पठाउन सके। त्यसमा मत दिन पाउने ४६ प्रतिनिधि र बोल्न पाउने तर मत दिन नपाउने ५८ जना प्रतिनिधि थिए। लेनिनले ब्रेस्त-लितोभ्स्क शान्ति प्रस्तावबारे एक रिपोर्ट दिनुभयो। त्यसको पक्षमा ३० मत, विपक्षमा १२ मत र ४ मत तटस्थ रह्यो। यसरी बहुमतबाट शान्ति प्रस्ताव स्वीकार गरियो। बैठकले पार्टी फुटाउन खोज्ने त्रोत्स्की र बुखारिनको मतको निन्दा गऱ्यो।

लेनिनको प्रस्तावअनुसार बैठकले पार्टीको नाम 'रुसी कम्युनिस्ट पार्टी (बोल्शेभिक)' स्वीकार गऱ्यो। नयाँ पार्टी कार्यक्रम तयार पार्न लेनिन र स्तालिनको नेतृत्वमा विशेष समिति बनाइयो।

लडाइँबाट फुर्सद पाउनासाथै बोल्शेभिक पार्टीले अर्थतन्त्रको विकासमा जोड दियो। लेनिनले भन्नुभयो, "रोटीको लडाइँ समाजवादको लडाइँ हो।" स्वार्थ र नाफामात्र खोज्ने स-साना पुँजीपति र कालाबजारियाहरू, अन्न लुकाउने र थुपार्ने कुलाक भनिने गाउँका धनी किसानहरूले आर्थिक अनुशासनलाई उल्लङ्घन गर्दै गए। सम्झाइबुझाइबाट नमान्नेहरूलाई बल प्रयोग गर्ने; गरिब किसानहरूका समिति बनाउने र गाउँगाउँमा मजदुरहरूका दलहरू पठाएर अन्न कब्जा गर्ने नीतिहरू लागू गरियो।

समाजवादी क्रान्तिकारीहरू, मेन्शेभिकहरू, त्रोत्स्की र बुखारिनहरूले आर्थिक अनुशासनको विरोध गर्दै रुसमा समाजवादी निर्माण असम्भव छ भनी प्रचार गरे। 'वामपन्थी' समाजवादी क्रान्तिकारीहरूले कुलाकहरूको पक्ष लिँदै लेनिनलाई गाली गर्न थाले र मस्कोमा विद्रोह गरे। तिनीहरूले त्राइ ओख्स्वीती तेल्स्की मार्ग (Try okhsviati telsky alley) कब्जा गरे र क्रेमलिनमाथि तोप पड्काउन थाले। जर्मनीलाई उक्साएर तिनीहरू फेरि युद्ध गराउन चाहन्थे। यसकारण, ब्ल्युमकिन भन्ने त्रोत्स्कीको दलालले मस्कोस्थित जर्मनीका राजदूत मिरबाखलाई गोली हानेर मारिदियो। तर, सोभियत सरकारले जर्मनीसँग कुराकारी गरी युद्ध हुन दिएन।

यी सबै गतिविधिमा 'वामपन्थी कम्युनिस्ट' भनिने त्रोत्स्की र बुखारिनहरूको मिलिभगत थियो। ४ जुलाई, १९१८ मा सोभियतहरूको पाँचौं महाधिवेशन सुरु भयो। बैठकले रुसी सोभियत सङ्घीय समाजवादी गणतन्त्रको विधान स्वीकार गऱ्यो। त्यो नै पहिलो सोभियत संविधान थियो।

***साभार : अक्टोबर क्रान्ति र यसको महत्त्व***

# त्रिपक्षीय शिखर सम्मेलन उपयोगी हुने पुटिनको अपेक्षा

सेन्जेन (चीन), २ मङ्सिर (एएफपी)। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङसँग हुने त्रिपक्षीय शिखर सम्मेलनले प्रमुख शक्तिबिचको सम्बन्ध सुधार्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा व्यक्त गर्नुभएको छ ।

बुधबार चीनको सेन्जेनमा आयोजित एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनलाई सम्बोधन गर्दै उहाँले बिहीबार हुने तीन देशका नेताबिचको पहिलो त्रिपक्षीय बैठक अत्यन्त उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

पुटिनले वर्तमान विश्वमा बढ्दो सैन्य तथा राजनीतिक जोखिम र विश्व अर्थतन्त्रमा देखिएको विभाजनका बिच आपसी सहकार्य र संवादको आवश्यकता रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विभाजनभन्दा एकता, आधिपत्यभन्दा समानता, अलगावभन्दा साझेदारी र अल्टिमेटमभन्दा संवादलाई प्राथमिकता दिनुपर्छ ।"

**ट्रम्पसँगको भेटअघि सी-पुटिन वार्ता**

यसैबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग हुने भनिएको ऐतिहासिक त्रिपक्षीय शिखर सम्मेलनको पूर्वसन्ध्यामा चिनियाँ राष्ट्रपति सी जिनपिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिच बुधबार चीनको सेन्जेनमा उच्चस्तरीय वार्ता भएको छ ।

बिहीबार हुने सम्मेलनमा विश्व सुरक्षा, आणविक निःशस्त्रीकरण र प्रमुख शक्तिबिचको सम्बन्धबारे छलफल हुने अपेक्षा गरिएको छ । युक्रेन युद्धको विषय भने छलफलमा समावेश हुने वा नहुने स्पष्ट भइसकेको छैन ।

एपेक बैठकलाई सम्बोधन गर्दै पुटिनले बढ्दो सैन्य तथा राजनीतिक जोखिमका बेला विभाजनभन्दा एकता र अल्टिमेटमभन्दा संवाद आवश्यक रहेको बताउनुभयो । उहाँले रुसमाथि लगाइएका पश्चिमी प्रतिबन्धले आफ्नो देशको आर्थिक विकास रोक्न नसकेको दाबी पनि गर्नुभयो ।

चिनियाँ राष्ट्रपति सीले कृत्रिम



बौद्धिकता (एआई) र स्वतन्त्र व्यापारमा अन्तर्राष्ट्रिय सहकार्य बढाउनुपर्ने बताउनुभएको थियो । सी र पुटिनबिच ऊर्जा, वित्तीय सहकार्य तथा युक्रेन र उत्तर कोरियासम्बन्धी विषयमा पनि छलफल हुने रुसी अधिकारीहरूले जनाएका छन् ।

यसैक्रममा आसियान सम्मेलनमा सहभागी करिब दुई हजार प्रदर्शनकारीले अमेरिकी नीतिको विरोध गरेका थिए ।

अमेरिकी व्यापार नीतिप्रति असन्तुष्टि जनाउँदै चिनियाँ प्रधानमन्त्री ली छ्याङ, ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भा र क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले व्यापारिक निर्भरता घटाउनुपर्ने धारणा राख्नुभएको थियो ।

यसैबिच, ट्रम्पले १० महिनाभित्र दुर्लभ खनिज उत्पादनमा अमेरिकाले चीनलाई उछिन्ने दाबी गरेका छन् । वासिङ्टनले सिङ्गापुर, मलेसिया, थाइल्यान्ड र इन्डोनेसियामा उन्नत एआई चिप्स निर्यात गर्न विशेष अनुमति लिनुपर्ने नयाँ नियम पनि सार्वजनिक गरेको छ । सिङ्गापुरले भने आफ्ना कम्पनीलाई विश्वसनीय रूपमा चिप्स उपलब्ध गराउने उपाय खोजिरहेको जनाएको छ ।

**खुला व्यापारमा एसियाली नेताहरूको जोड**

सेन्जेन (चीन), २ मङ्सिर (एपी)। चीनका राष्ट्रपति सी जिनपिङसहित एसिया-प्रशान्त क्षेत्रका नेताहरूले खुला व्यापार, निष्पक्ष प्रतिस्पर्धा र समावेशी विकासलाई प्राथमिकता दिन आग्रह गर्नुभएको छ । उहाँहरूले व्यापार तथा लगानीका अवरोध घटाउँदै क्षेत्रीय सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिनुभएको हो ।

सेन्जेनमा आयोजित एपेक व्यवसायी सम्मेलनमा राष्ट्रपति सीले चीनले बजार पहुँच विस्तार र भन्सार शुल्क घटाउँदै व्यापारसम्बन्धी नियममा सुधार गर्ने बताउनुभयो । उहाँले अन्तर्राष्ट्रिय व्यापारमा स्थिरता र सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

अमेरिका र चीनबिच भन्सार शुल्क तथा उन्नत प्रविधिको पहुँचलाई लिएर मतभेद कायम रहेका बेला सीले खुला व्यापारको पक्षमा धारणा राख्नुभएको हो । यसैबिच, क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले चीनसँग पारस्परिक कर घटाउने सहमति गर्नुभएको छ । मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले ठुला अर्थतन्त्रले साना देशमाथि आफ्ना नीति थोपर्न नहुने बताउनुभएको छ ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले प्रतिबन्ध, शुल्क र निर्यात नियन्त्रणको प्रभावकारितामाथि प्रश्न उठाउँदै एसिया-प्रशान्त क्षेत्रसँग आर्थिक सम्बन्ध विस्तार रुसको प्राथमिकता रहेको बताउनुभयो । रुसले सन् २०३५ मा एपेकको अध्यक्षता गर्ने प्रस्तावसमेत गरेको छ ।

एपेकका २१ सदस्यले विश्वको ६० प्रतिशत आर्थिक गतिविधि र आधा व्यापार हिस्सा ओगट्छन् । बिहीबार हुने नेताहरूको बैठकमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, पुटिन र सीबिच त्रिपक्षीय भेटवार्ता हुने अपेक्षा गरिएको छ ।

# पेल्टोलाको जितसँगै सिनेटमा डेमोक्रेटको बहुमत

एन्कोरेज (अलास्का), २ मङ्सिर (एएनआई)। अलास्कामा रिपब्लिकन उम्मेदवारलाई पराजित गर्दै डेमोक्रेटिक उम्मेदवार मेरी पेल्टोलाले अमेरिकी सिनेटमा महत्त्वपूर्ण जित हासिल गरेका छन् । उनको जितसँगै सिनेटमा डेमोक्रेटिक पार्टीले ५६-४४ को बहुमत प्राप्त गरेको छ ।

दुई कार्यकालका रिपब्लिकन सिनेटर डान एस सुलिभानलाई पराजित गरेकी पेल्टोलाको विजयलाई परम्परागत रूपमा रिपब्लिकनको प्रभाव रहेको अलास्कामा डेमोक्रेटिक पार्टीको महत्त्वपूर्ण सफलताका रूपमा हेरिएको छ ।

पूर्व राज्य विधायक पेल्टोलाले सन् २०२२ मा अमेरिकी कङ्गेसमा निर्वाचित हुने पहिलो अलास्का मूल निवासी बनेर इतिहास रचेका थियो । उनले तत्कालीन रिपब्लिकन सांसद डन यङको निधनपछि रिक्त भएको प्रतिनिधिसभा सदस्य पदको विशेष निर्वाचन सवतेका थिए ।

विजयपछि भिडियो सन्देश जारी गर्दै पेल्टोलाले अलास्कावासीले परिवर्तनका पक्षमा मतदान गरेको बताए । भ्रष्टाचार र कर्पोरेट स्वार्थविरुद्ध लड्ने, दैनिक उपभोग्य वस्तु तथा इन्धनको मूल्य घटाउने र नयाँ आवास निर्माणलाई प्राथमिकता दिने उनले प्रतिबद्धता व्यक्त गरे । आगामी छ वर्ष अलास्काका सबै क्षेत्रका नागरिकसँग सहकार्य गर्दै राज्यको हितमा काम गर्ने उनको भनाइ थियो ।

यसैबिच, सिनेटमा डेमोक्रेटिक पार्टीका नेता चक शुमरले पेल्टोलाको विजयलाई ऐतिहासिक उपलब्धि बताए । उहाँले अलास्कावासीका प्रमुख सरोकारका विषय माछा, परिवार र स्वतन्त्रतालाई केन्द्रमा राखेर पेल्टोलाले प्रभावकारी चुनावी अभियान सञ्चालन गर्नुभएको उल्लेख गर्नुभयो ।

शुमरले केही महिनाअघि डेमोक्रेटिक पार्टीले ५६ सीट जित्ने सम्भावना नरहेको बताउँदै महँगी, भ्रष्टाचार र राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको राजनीतिक अराजकतालाई चुनावी अभियानको मुख्य मुद्दा बनाउँदा सफलता गरेको उल्लेख गरे ।

उनले डेमोक्रेटिक पार्टीले अब महँगी घटाउने र अमेरिकी जनताको जीवनस्तर सुधार गर्ने विधेयक पारित गर्न प्राथमिकता दिने बताए । ५६ सीटसहित स्थायी बहुमत निर्माण गर्ने अवसर प्राप्त भएको उल्लेख गर्दै उनले राष्ट्रपति ट्रम्पले त्यस्ता विधेयकमा भिटो लगाए पनि पार्टी आफ्नो अभियानबाट पछि नहट्ने बताए ।

# स्वायत्त हतियारमा मानवीय नियन्त्रणको माग

जेनेभा, २ मङ्सिर (एएफपी)। मानवीय हस्तक्षेपबिना मानिसको जीवन र मृत्युको निर्णय गर्न सक्ने स्वायत्त हतियारको जोखिम बढ्दै गएको भन्दै अन्तर्राष्ट्रिय रेडक्रस समितिले त्यस्ता हतियारको प्रयोगमा बाध्यकारी नियम बनाउन आग्रह गरेको छ ।

जेनेभामा संयुक्त राष्ट्रसङ्घअन्तर्गत भइरहेको सम्मेलनमा सहभागी देशहरूले स्वायत्त हतियार नियमन गर्ने विषयमा छलफल गरिरहेका छन् । रेडक्रसका हतियार एकाइ प्रमुख लरेन्ट जिसेलले अप्रत्याशित व्यवहार गर्न सक्ने यस्ता हतियार ठूलो सङ्ख्यामा प्रयोग हुनुअघि नै नियम बनाउनुपर्ने बताउनुभएको छ ।

कृत्रिम बौद्धिकता (एआई) मा आधारित हतियारले मानिसलाई तथ्याङ्कमा सीमित गरी एल्गोरिदममार्फत कसले बाँच्ने र कसले ज्यान गुमाउने भन्ने निर्णय गर्न सक्ने उहाँको चिन्ता छ । विशेषगरी लक्ष्य आफैं पहिचान गरी आक्रमण गर्ने हतियारले नागरिक पूर्वाधारमा क्षति पुऱ्याउन र अन्तर्राष्ट्रिय मानवीय कानून उल्लङ्घन गर्न सक्ने उहाँले चेतावनी दिनुभएको छ ।

रेडक्रसले सबै स्वचालित हतियारमा प्रतिबन्ध लगाउन नभई अप्रत्याशित व्यवहार गर्ने तथा मानिसलाई प्रत्यक्ष निशाना बनाउने स्वायत्त हतियारमा प्रतिबन्ध लगाउन माग गरेको छ । युद्धभूमिमा लक्ष्य बनाइएको व्यक्ति घाइते वा आत्मसमर्पण गरेको अवस्थामा पनि यस्ता प्रणालीले परिस्थिति पहिचान गर्न नसक्ने जोखिम रहेको जिसेलको भनाइ छ ।

यस्ता हतियार आतङ्कवादी समूह, आपराधिक सङ्गठन वा आफ्नै नागरिकमाथि दमन गर्ने राज्यको हातमा पुग्न सक्ने खतरा पनि उहाँले औंल्याउनुभएको छ ।

# सर्वव्यापी रसायनले स्वास्थ्यमा खतरा

बैङ्कक, २ मङ्सिर (एएफपी)। दैनिक उपभोगका वस्तुमा पाइने हर्मोन प्रणालीमा अवरोध पुऱ्याउने रसायनले मानव स्वास्थ्य र वातावरणमा गम्भीर जोखिम निम्त्याएको वैज्ञानिकहरूले चेतावनी दिएका छन् । संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम र विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनले यस्ता रसायनबाट हुने क्षति वार्षिक एक खर्ब अमेरिकी डलरभन्दा बढी हुन सक्ने अनुमान गरेको छ ।

ईडीसी नामले चिनिने यस्ता रसायनले शरीरको विकास र कार्यप्रणाली नियमन गर्ने हर्मोनमा हस्तक्षेप गर्छन् । खेलौना, सौन्दर्य सामग्री, कपडा तथा निर्माण सामग्रीलगायत दैनिक प्रयोगका वस्तुमा ती रसायन पाइन्छन् । प्रतिवेदनले विद्यमान नियमहरू असमान र अपर्याप्त रहेको औंल्याउँदै ईडीसी मानव तथा वातावरणीय स्वास्थ्यका लागि बढ्दो खतरा भएको जनाएको छ ।

चौध वर्षपछि सार्वजनिक भएको यससम्बन्धी विस्तृत प्रतिवेदनमा बिस्फेनोल, थ्यालेट्स र प्याराबेन्सलगायत रसायनका हजारौँ अध्ययन समीक्षा गरिएको छ । ती रसायनको सम्पर्क र स्नायुसम्बन्धी समस्या, प्रजनन क्षमता तथा शुक्रकीटको सङ्ख्यामा गिरावटबिच बलियो सम्बन्ध देखिएको छ । टाइप-२ मधुमेह र दमजस्ता रोगसँगको सम्बन्धबारे पनि प्रमाण बढ्दै गएको वैज्ञानिकहरूले बताएका छन् ।

प्रतिवेदनकी सहलेखक तथा म्यासाचुसेट्स एम्हर्स्ट विश्वविद्यालयकी प्राध्यापक लौरा भ्यान्डेनबर्गले ईडीसीसम्बन्धी वैज्ञानिक प्रमाण स्पष्ट र बलियो रहेको बताउनुभएको छ । उहाँका अनुसार यस्ता रसायन सर्वत्र पाइने र थोरै मात्राको सम्पर्कले समेत स्वास्थ्यमा असर पार्न सक्ने भएकाले जोखिम गम्भीर बनेको हो ।

रसायन उत्पादन तथा प्लास्टिक पुनः प्रशोधन उद्योगका श्रमिकहरू यसको उच्च जोखिममा छन् । सन् २०२४ मा थाइल्यान्ड र केन्याका प्लास्टिक फोहोर तथा पुनः प्रशोधन क्षेत्रमा कार्यरत श्रमिकमाथि गरिएको अध्ययनमा उनीहरू २० भन्दा बढी हानिकारक रसायनको सम्पर्कमा रहेको पाइएको थियो । कार्यालयमा काम गर्ने व्यक्तिहरू पनि कम्तीमा ११ प्रकारका रसायनको सम्पर्कमा रहेको अध्ययनले देखाएको थियो ।

हालसम्म करिब एक हजार प्रकारका ईडीसी पहिचान भए पनि धेरैको पर्याप्त परीक्षण भएको छैन । एकैपटक विभिन्न रसायनको सम्पर्कमा पर्दा तिनको संयुक्त प्रभावले स्वास्थ्य जोखिम बढाउन सक्ने चिन्ता पनि वैज्ञानिकहरूले व्यक्त गरेका छन् । अस्ट्रेलियाको ग्रिफिथ विश्वविद्यालयका प्राध्यापक फ्रेडरिक ल्युस्चले जोखिमको सुरक्षित सीमा अझै स्पष्ट नभए पनि मानव स्वास्थ्य र वातावरणको सुरक्षाको लागि रसायनको सम्पर्क घटाउन आवश्यक रहेको बताउनुभएको छ ।

धेरै देशले विशेषगरी बालबालिकाका सामग्रीमा प्रयोग हुने बिस्फेनोललगायत केही रसायनमाथि नियन्त्रण गरेका छन् । तर कुन रसायनलाई नियमन गर्ने र सुरक्षित सम्पर्क सीमा कति निर्धारण गर्ने भन्ने विषयमा चुनौती कायमै छ । अधिकांश ईडीसीको सुरक्षित सीमा पहिचान नभएको विज्ञहरूको भनाइ छ ।

प्लास्टिकमा पनि यस्ता रसायन पाइने भएकाले यसको उत्पादन विस्तार रोक्नुपर्ने प्रतिवेदनकी सहलेखक तथा स्ट्यानफोर्ड विश्वविद्यालयकी प्राध्यापक ट्रेसी वुड्रफले बताउनुभएको छ । उहाँले रसायनको सम्पर्क घटाउन र हानिकारक गतिविधिमा संलग्न पक्षमाथि प्रतिबन्ध लगाउन आग्रह गर्दै थप अनुसन्धानको प्रतीक्षा नगरी उपलब्ध प्रमाणका आधारमा कदम चाल्नुपर्नेमा जोड दिनुभएको छ ।

# मध्यपूर्व तनावको असर जापानको व्यापारमा अक्टोबरमा अर्बौंको घाटा

टोकियो, २ मङ्सिर (सिन्हुवा)। जापानले सन् २०२६ को अक्टोबर महिनामा ४७६.५ अर्ब येन (करिब ३ अर्ब अमेरिकी डलर) व्यापार घाटा व्यहोर्नुपरेको छ । यो लगातार छैटौँ महिनाको व्यापार घाटा हो । जापानको अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कले देशको आयात र निर्यात दुवैमा उल्लेखनीय वृद्धि भए पनि आयातको वृद्धिदर बढी रहेको देखाएको छ ।

तथ्याङ्कअनुसार अक्टोबरमा जापानको कुल निर्यात गत वर्षको सोही अवधिको तुलनामा २०.५ प्रतिशतले बढेर ११.७७ ट्रिलियन येन पुगेको छ । त्यस्तै, आयात २१.६ प्रतिशतले वृद्धि भई १२.२५ ट्रिलियन येन पुगेको छ । निर्यात र आयात दुवैको मूल्य अक्टोबर महिनाका लागि हालसम्मकै उच्च रहेको अर्थ मन्त्रालयले जनाएको छ ।

निर्यातको तुलनामा आयातको वृद्धि तीव्र भएकाले जापानले व्यापार घाटा व्यहोर्नुपरेको हो । विशेषगरी मध्यपूर्वमा लामो समयदेखि जारी तनावका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य उच्च रहनुले जापानको आयात खर्च बढाएको छ । ऊर्जा स्रोतका लागि ठुलो मात्रामा आयातमा निर्भर जापानका लागि तेलको मूल्यमा हुने उतारचढावले व्यापार सन्तुलनमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ ।

गन्तव्यका आधारमा हेर्दा अक्टोबरमा अमेरिकातर्फ जापानको निर्यात २३.९ प्रतिशतले बढेको छ । त्यस्तै, युरोपेली सङ्घ (ईयू) तर्फको निर्यातमा २२.१ प्रतिशत र एसियाली बजारतर्फको निर्यातमा २२ प्रतिशतको वृद्धि भएको छ । यसले जापानका प्रमुख व्यापारिक साझेदारसँगको कारोबारमा सुधार आएको देखाउँछ ।

तर, व्यापारको वास्तविक परिमाणसम्बन्धी तथ्याङ्कले भने फरक अवस्था देखाएको छ । अक्टोबरमा जापानको कुल निर्यात परिमाण ५.८ प्रतिशतले मात्र बढेको छ भने आयात परिमाण ०.२ प्रतिशतले घटेको छ ।

यसबाट व्यापारको कुल मूल्यमा भएको ठुलो वृद्धि वास्तविक वस्तुको कारोबार बढेका कारण मात्र नभई अन्तर्राष्ट्रिय बजारमा वस्तु तथा ऊर्जाको मूल्य वृद्धि भएका कारण पनि भएको स्पष्ट हुन्छ ।

लगातार छैटौँ महिनासम्म व्यापार घाटा कायम रहनुले जापानको बाह्य व्यापार सन्तुलनमा चुनौती देखिएको छ । निर्यातमा वृद्धि सकारात्मक भए पनि बढ्दो आयात खर्च र ऊर्जा मूल्यको दबाबले जापानी अर्थतन्त्रमा थप चुनौती सिर्जना गर्न सक्ने देखिन्छ ।

# विद्यालयीकरणको चपेटामा प्रारम्भिक बाल विकास र बालशिक्षा

● डा. बालचन्द्र लुइटेल, डा. रूपा मुनाकर्मी र बबिता महर्जन

काठमाडौँ । प्रारम्भिक बाल विकास र बाल शिक्षा (इसिइडी) को प्राथमिक ध्येय बालबालिकाको सर्वाङ्गीण (शारीरिक, संवेगात्मक, सामाजिक, भाषिक तथा संज्ञानात्मक) उन्नति हासिल गराउनु हो । यस्तो विकास पाठ्यपुस्तक कण्ठ पार्ने परिपाटीबाट नभई खेल, जिज्ञासा, स्वतन्त्र खोज र स्नेहमय अन्तरक्रियाद्वारा सम्भव हुन्छ । यद्यपि, नेपालमा विगत दुई दशकयता इसिइडीका कार्यक्रमहरू तीव्र रूपमा विद्यालयीकरण (स्कुलिफिकेशन)को सिकार बनिरहेका छन् । विद्यालयीकरण भन्नाले प्रारम्भिक बाल्यकालको सिकाइ परिवेशलाई औपचारिक विद्यालयको साँचोमा ढाली डेस्क-बेन्च, किताब-कापी, गृहकार्य एवं परीक्षातर्फ मोड्ने अनि बालबालिकाको प्राकृतिक खेल, सिर्जनशीलता र बालसुलभतालाई पाखा लगाउने अभ्यास हो । हामीले विभिन्न मञ्चहरूमा यस विद्यालयीकरण र औपचारिक विद्यालयजस्तो बनाउने प्रवृत्तिप्रति निरन्तर ध्यानाकर्षण गराउँदै यसले इसिइडीलाई केबल 'विद्यालय प्रवेशको तयारी' मा सीमित तुल्याएको कुरा प्रस्ट पार्दै आएका छौँ ।

बाल्यकाललाई वयस्क जीवनको तयारीका रूपमा मात्र बुझ्नु हुँदैन । बाल्यकाल आफैँमा पूर्ण, अर्थपूर्ण र अधिकारसम्पन्न जीवनको अवस्था हो । त्यसैले इसिइडीको सफलता बालबालिकाले कति अक्षर चिने, कति शब्द लेखे वा कति गणितीय प्रश्न हल गरे भन्ने आधारमा मात्र मापन गर्न सकिँदैन । उनीहरू कति सुरक्षित, आत्मविश्वासी, जिज्ञासु, सिर्जनशील, आत्मनिर्भर र सामाजिक रूपमा सक्रिय बने भन्ने कुरा उत्तिकै महत्त्वपूर्ण हुन्छ । यस अर्थमा बाल्यकालको संरक्षण, सम्मान र प्रवर्द्धन इसिइडीको शैक्षिक मात्र नभई नैतिक, सामाजिक र अधिकारसम्बन्धी दायित्व पनि हो ।

**विद्यालयीकरणका स्वरूपहरू**

विद्यालय तयारी (स्कुल रेडिनेस) र विद्यालयीकरण (स्कुलिफिकेसन) समानार्थ अवधारणा होइनन् । विद्यालय तयारी भन्नाले बालबालिका विद्यालय प्रवेश गर्दा आवश्यक पर्ने आधारभूत शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक तथा संज्ञानात्मक क्षमताको समग्र विकासलाई बुझिन्छ । यसको विपरीत विद्यालयीकरणले प्रारम्भिक बाल्यकालकै सिकाइलाई औपचारिक विद्यालयको पाठ्यक्रम, समयतालिका, अनुशासन, परीक्षा र उपलब्धिमुखी प्रतिस्पर्धाको ढाँचामा सीमित गर्छ । वास्तविक विद्यालय तयारी बालबालिकालाई विद्यालयको दबाबअनुसार ढाल्नु होइन, विद्यालयलाई बालबालिकाको विकासात्मक आवश्यकता र विविधता (डिएपी) अनुसार तयार गर्नु हो । नेपालमा विद्यालयीकरण चार प्रमुख स्वरूपहरूमा प्रकट भएको पाइन्छ ।

**क. स्थानीय सांस्कृतिक तथा सामाजिक सन्दर्भ**

यसमा आयातित मोडेलहरूको अन्धाधुन्ध प्रयोगलाई लिन सकिन्छ । विशेषगरी विकसित भनिएका शैक्षिक प्रणालीबाट सीधै अनुकरण गरिएका प्रि-स्कुल र तथा कथित 'इन्टरनेसनल' पाठ्यक्रमहरूलाई नेपाली भाषा, स्थानीय परिवेश, मौलिक संस्कृति र बालबालिकाको दैनिक जीवन जगतसँग जोड्ने कुनै गम्भीर प्रयास नगरी तिनिहरूलाई अँगाल्ने प्रवृत्ति व्यापक रूपमा बढेको छ । यसले इसिइडीलाई बालबालिकाको स्वाभाविक विकासको माध्यम बनाउनुको सट्टा एउटा 'आयातित परियोजना' मा सीमित गरिदिएको छ ।

**ख. औपचारिक शैक्षिक सामग्रीको अत्यधिक प्रयोग**

चार वर्षभन्दा कम उमेरका साना बालबालिकाका लागि पनि पाठ्यपुस्तक, अभ्यास पुस्तिका, कापी र निरन्तरको लेखन अभ्यासलाई अनिवार्य बनाउने प्रवृत्ति व्यापक छ । यस उमेरमा बालबालिकाको सर्वाङ्गीण विकासका लागि खेलकुद, चित्रकला, कथा गायन तथा सामाजिक अन्तरक्रिया मुख्य माध्यम हुनुपर्नेमा थ्री आर (पढ्ने, लेख्ने र गणितीय गणना गर्ने) लाई नै सिकाइको मुख्य मानक मान्ने गरिएको छ । यसले गर्दा बालबालिकाको स्वाभाविक जिज्ञासा, सिर्जनशीलता र मौलिक सोच कुण्ठित हुन पुगेको छ ।

**ग. कक्षा संरचना र मूल्याङ्कनको अत्यधिक विद्यालयीकृत ढाँचा**

प्रारम्भिक बाल विकास र बालशिक्षा केन्द्रहरूमा पनि साना बालबालिकालाई उमेर (अनुकूल खुला तथा लचिलो वातावरण दिनुको सट्टा औपचारिक विद्यालय जस्तै कडा कक्षा संरचनामा बाँध्ने गरिएको पाइन्छ । विद्यालयकृत बेन्च डेस्कको संरचनाले उनीहरूको शारीरिक तथा प्राकृतिक सिकाइको चाहनालाई पूर्णरूपमा नियन्त्रण गर्छ ।

**घ. कानुनी व्यवस्था**




नेपालको विद्यमान कानुनी व्यवस्थाले चार वर्ष उमेर पूरा गरेका बालबालिकाका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा सुनिश्चित गरेको छ । राष्ट्रिय प्रारम्भिक बाल विकास रणनीति, २०७७-२०८८ ले गर्भावस्थादेखि आठ वर्षसम्मको अवधिलाई समेट्दै स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, हेरचाह र प्रारम्भिक सिकाइलाई एकीकृत रूपमा हेरेको छ । यस सन्दर्भमा चार वर्षभन्दा कम उमेरका बालबालिकाका लागि आवश्यक विकास अनुकूल हेरचाह (केयर) सुरक्षित वातावरण, पोषण, खेल र सामाजिक अन्तरक्रियाका अवसरहरूलाई पनि राज्यको नीतिगत जिम्मेवारीभित्र समेटिनुपर्छ ।

विशेषगरी घरबाहिर काम गर्ने अभिभावक, न्यून आय भएका परिवार र जोखिममा रहेका समुदायका बालबालिकाका लागि गुणस्तरीय बाल हेरचाह केन्द्रको व्यवस्था आवश्यक छ । यसरी (इसिइडी) लाई एक वर्षको विद्यालय प्रवेशपूर्व कार्यक्रमका रूपमा मात्र नभई जन्मदेखि आठ वर्षसम्मको निरन्तर र एकीकृत विकास प्रक्रियासँग जोडेर बुझ्नुपर्छ । एकीकृत विकासको दृष्टिकोणलाई बेवास्ता गरी अधिकांश अभिभावकहरूमा 'जति धेरै वर्ष पढाउन सकियो र जति छिटो औपचारिक कापी-कलम समात्न लगाइयो, उति नै राम्रो इसिइडी हुन्छ' भन्ने गलत धारणा व्याप्त छ । अभिभावकको यही मानसिकताले प्रारम्भिक बाल विकासलाई एउटा गलत शिक्षा परियोजनना (मिसएजुकेशन प्रोजेक्ट) मा परिणत गरिएको छ ।

विद्यालयीकरणलाई अभिभावकको व्यक्तिगत चाहना वा विद्यालयको शिक्षण अभ्यासमा मात्र सीमित गरेर बुझ्नु पनि पर्याप्त हुँदैन । यो नेपालको शिक्षा प्रणालीभित्र विकसित हुँदै गएको एउटा संरचनागत समस्या पनि हो । निजी शैक्षिक संस्थाहरूबिचको प्रतिस्पर्धा, अङ्ग्रेजी माध्यमप्रतिको सामाजिक आकर्षण, छिटो शैक्षिक उपलब्धि देखाउने दबाब, व्यावसायिक पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको बजार र प्रारम्भिक बाल शिक्षामा प्रभावकारी नियमनको अभावले विद्यालयीकरणलाई थप संस्थागत बनाएका छन् । यसरी बाल्यकाल क्रमशः शैक्षिक प्रतिस्पर्धा र उपभोगको वस्तुमा रूपान्तरण हुने जोखिम बढेको छ । त्यसैले विद्यालयीकरणको समाधानका लागि अभिभावक सचेतना मात्र पर्याप्त हुँदैन, शिक्षा प्रणाली, संस्थागत अभ्यास, नियमन र बजार संरचनामा समेत परिवर्तन आवश्यक छ ।

**विद्यालयीकरणका गम्भीर प्रभावहरू**

विद्यालयीकरणले प्रारम्भिक बाल विकासका लक्ष्यहरूलाई विकृत मात्र गरेको छैन, यसले बालबालिकाको विकासमै दीर्घकालीन मुख्यगरी निम्न नकारात्मक असर पुऱ्याएको देखिन्छः

**विकासमा नकारात्मक असर**

नेपाली इसिइडीका सन्दर्भमा विद्यालयीकरण मुख्यतया चार स्वरूपमा प्रकट भएको पाइन्छ । पहिलो, रैथाने ज्ञान र स्थानीय परिवेशलाई बेवास्ता गर्दै पश्चिमा तथा आयातित प्रि-स्कुल मोडेलहरूको अन्धाधुन्ध प्रयोग गर्नु । दोस्रो, चार वर्षभन्दा कम उमेरका बालबालिकालाई पनि घोकाउने र औपचारिक कापी किताब तथा गृहकार्यको भार थोपर्नु । तेस्रो, कक्षा संरचना, शिक्षक-केन्द्रित कण्ठा गर्ने शिक्षण विधि र प्राप्ताङ्कमा आधारित नतिजामुखी मूल्याङ्कन ढाँचा अँगाल्नु । चौथो, अतिरिक्त व्यापारिक कक्षाहरू सञ्चालन गरी प्रारम्भिक बाल शिक्षाको मानमर्दन गर्नु ।

**तनाव र मनोवैज्ञानिक भार**

प्रारम्भिक बाल्यकालमा बालबालिकामाथि थोपरिने अत्यधिक विद्यालयीकरणले उनीहरूको मानसिक र मनोवैज्ञानिक स्वास्थ्यमा गम्भीर नकारात्मक असर पारिरहेको छ । साना बालबालिकाले छिटो अक्षर चिन्नु, अङ्ग्रेजी बोल्नु वा धेरै हिसाब गर्नुलाई नै उत्कृष्ट बाल विकास मान्ने गलत धारणाका कारण विद्यालयहरू पनि कण्ठ गर्ने प्रणाली र विधि अपनाउन बाध्य छन् । सरकारले पनि सही पैरवी र स्रोतको व्यवस्था गर्न उदासिन रहँदा यो क्षेत्रको सही विकास भएको देखिन्न । पाँच वर्ष वा सोभन्दा कम उमेरका साना बालबालिकालाई उनीहरूको विकासक्रम अनुकूल नहुने गरी 'कक्षा १' वा सोभन्दा माथिल्लो तहको कठिन पाठ्यक्रम घोकाउने, दैनिक कापी-कलममा सीमित गराई अनिवार्य गृहकार्य दिने र लिखित परीक्षाको सामना गर्न बाध्य पारिँदा उनीहरूमा निरन्तरको चिन्ता, मानसिक तनाव र असफलताको डर पैदा हुन्छ ।

**दबाब र असमानताको विस्तार**

इसिइडीमा देखिएको अत्यधिक विद्यालयीकरणले बालबालिकाको समग्र मानसिक स्वास्थ्य, संवेगात्मक विकास र सामाजिक सम्बन्धहरूमा गम्भीर असर पारिरहेको छ । साना बालबालिकालाई उनीहरूको उमेर र क्षमताभन्दा माथिल्लोस्तरको औपचारिक पाठ्यक्रम घोकाउने, दैनिक गृहकार्यको बोझ थोपर्ने तथा लिखित परीक्षाको सामना गर्न बाध्य पारिने अभ्यासले उनीहरूमा मानसिक तनाव र चिन्ता सिर्जना गर्दछ ।

प्रारम्भिक बालविकासमा सरकारको कम लगानीले एक प्रकारको विषम अवस्था उत्पन्न भएको छ । आर्थिक रूपमा विपन्न परिवारका बालबालिका महँगा निजी प्रि-स्कुलको प्रतिस्पर्धामा पछि पर्ने अवस्था सिर्जना हुन्छ । ठिकै शुल्क लिएर चलाइएका निजी, सामुदायिक र धेरै शुल्क असुल्ने ( इसिइडी) केन्द्रहरूबिचको शुल्कमा भएको खाडलले प्रारम्भिक वर्षदेखि नै सामाजिक विभाजनलाई संस्थागत गर्न सक्छ । इसिइडी क्षेत्रमा सरकारले लगानी बढाई संज्ञानात्मक र सामाजिक-संवेगात्मक कार्यक्रमहरूको विस्तार हुँदैछ, उति-उति बाल शिक्षाको मौलिक मर्म र गुणस्तर भने खस्कँदो अवस्थामा पुगेको छ । विशेष गरी शिक्षा ऐनको आठौँ संशोधनपश्चात् प्रारम्भिक बाल विकास केन्द्रहरूलाई औपचारिक विद्यालय ढाँचाभित्र समायोजन गरियो ।

नेपालको प्रारम्भिक बाल विकास तथा शिक्षाको वर्तमान अवस्थाले पहुँच र गुणस्तरबिचको अन्तरलाई पनि उजागर गर्छ । युनिसेफको 'स्कुल रेडिनेस रिपोर्ट'मा प्रस्तुत शैक्षिक वर्ष २०२३/२४ को तथ्याङ्कअनुसार नेपालमा ४० हजार ६८४ प्रारम्भिक बाल विकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाहरू सञ्चालनमा थिए । तीमध्ये ८१.२ प्रतिशत सरकारी वा सामुदायिक र १८.७ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित थिए । यसै अवधिमा प्रारम्भिक बाल शिक्षाको कुल भर्नादर ९९.९ प्रतिशत पुगेको देखिन्छ तर उच्च भर्नादरले मात्र बालबालिकाले प्राप्त गरिरहेको सिकाइको गुणस्तर, अनुभव र विकासात्मक अवसर सुनिश्चित गर्दैन ।

तीन चार वर्षका बालबालिकालाई कापी कलम समात्न लगाएर अक्षर र अङ्क घोकाउने, गृहकार्यको बोझ दिने र लिखित परीक्षाका आधारमा मूल्याङ्कन गर्ने विकृत परिपाटीले व्यापकता पाएको छ । यसले अब नेपालको इसिइडी बहस पहुँच विस्तारबाट गुणस्तरीय, समावेशी, अर्थपूर्ण र विकासअनुकूल सिकाइ अनुभवतर्फ केन्द्रित हुनुपर्ने आवश्यकता देखाउँछ ।

**स्नातकदेखि विद्यावारिधिसम्मको संरचना**

यस विरोधाभासलाई चिर्ने प्रण गर्दै निजी, सामुदायिक र सरकारी पक्षसँगको सहकार्यमा काठमाडौँ विश्वविद्यालयको शिक्षा सङ्काय (कुसोड) ले इसिइडीमा स्नातकदेखि विद्यावारिधिसम्मका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । यसको मुख्य उद्देश्य पश्चिमा वा आयातित अभ्यासहरू र विद्यालयीकरणलाई चुनौती दिँदै नेपालको स्थानीय, सांस्कृतिक तथा सामाजिकसन्दर्भ अनुकूल इसिइडीको विकास गर्नु हो ।

गएको तीन वर्षमा कुसोड अन्तर्गतको समावेशी शिक्षा, प्रारम्भिक बाल विकास तथा व्यावसायिक अध्ययन विभाग (डिआइइपी) ले (इसिइडी) मा स्नातकदेखि विद्यावारिधिसम्मको एउटा पूर्ण शैक्षिक सोपान निर्माण गरेको छ । यसअन्तर्गत पिएचडी, इएमफिल, स्नातकोत्तर (१ र २ वर्षे), पिजिडी, ब्रिज कोर्ष र स्नातक ( ४ वर्षे) जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन्न् । यसका अतिरिक्त भर्खरै युनेस्को चेयर अन्तर्गत (इसिइडी) लगायत अन्य विषयमा पोस्टडक्टरल कार्यक्रमको घोषणा पनि गरिसिकिएको छ ।

कुसोडमा हाम्रा अनुसन्धानहरूमा प्रारम्भिक बाल्यकालमा विद्यालयीकरणको प्रभावले स्वाभाविक प्राकृतिक खेल, जिज्ञासा र सर्वाङ्गीण विकासलाई प्राथमिकता दिनुको सट्टा सिकाइ परिवेशलाई औपचारिक विद्यालयको साँचोमा ढाल्ने अभ्यासलाई परेको असर के कस्तो छ भन्ने छ । अनुसन्धानको अर्को पक्ष अत्यधिक गृहकार्य र प्राप्ताङ्कमा आधारित नतिजामुखी दबाबले बालबालिकामा कलिलै उमेरमा मानसिक तनाव, चिन्ता र असफलताको भय कसरी पैदा गराउँछ भन्ने हो । नेपाली लोककथा, स्थानीय खेल र मातृभाषा ओझेलमा पर्दा भाषिक तथा सांस्कृतिक पहिचानको क्षय भइरहेको कुरालाई अनुसन्धानको लागि विषय बनाइएको छ ।

**नेपाल-केन्द्रित इसिइडीका लागि तीन आधारभूत रणनीति**

विद्यालयीकरणलाई परास्त गर्न र नेपाल केन्द्रित प्रारम्भिक बाल विकास तथा प्रारम्भिक बाल शिक्षा निर्माण गर्न निम्न तीनवटा अन्तरसम्बन्धित रणनीतिहरू आवश्यक पर्दछन्:

**क. खेल-आधारित, बाल-नेतृत्व र स्थानीय सन्दर्भमा आधारित सिकाइ**

इसिइडीका लगि तयार पाठ्यपुस्तकको ठाउँमा कथा, गीत, स्थानीय खेल, बालुवा-पानीको खेल, र प्रकृति-अन्वेषणले भरिएको हुनुपर्छ । बालबालिकाले आफ्ना जिज्ञासाबाट सिक्न पाउनुपर्छ । शिक्षकको भूमिका निर्देशक होइन, सहजीकरणकर्ताको हुनुपर्छ । डिएपीले बालबालिकाको उमेर, विकासस्तर र सांस्कृतिक पृष्ठभूमिलाई सिकाइको केन्द्रमा राख्छ । यसका लागि शिक्षकहरूलाई मात्र होइन, अभिभावक र समुदायलाई समेत 'खेल नै सिकाइ हो' भन्ने कुरामा विश्वस्त बनाउनुपर्छ ।

**ख. स्थानीय ज्ञान र सांस्कृतिक सन्दर्भलाई पाठ्यक्रमको केन्द्रमा राख्ने**

नेपाली समाजको बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय यथार्थलाई इसिइडी पाठ्यक्रममा समेट्नुपर्छ । स्थानीय लोककथा, मौलिक खेल, चाडपर्व, र सामुदायिक ज्ञान प्रणालीलाई सिकाइ सामग्रीका रूपमा प्रयोग गर्दा बालबालिकाले आफ्नो पहिचानसँग जोडिएर सिक्न पाउँछन् । समुदायसँगको सहकार्यमा विकास गरिएको पाठ्यक्रमले यस दिशामा महत्त्वपूर्ण कोसेढुङ्गा प्रदान गरेको छ, तर यसलाई थप गहिरो बनाउँदै स्थानीयस्तरमा 'नेपाली इसिइडी मोडेल' विकास गर्नुपर्छ । हाम्रो अनुसन्धान कार्यक्रमले पनि इसिइडी पाठ्यक्रम विकास र कार्यान्वयनजस्ता विषयहरूलाई प्राथमिकता दिएको छ ।

**ग. नीतिगत सुधार, नियमन र अभिभावक सचेतना**

प्रारम्भिक बाल विकासको तथा प्रारम्भिक बाल शिक्षाको उद्देश्य, खेलको महत्त्व, र औपचारिक पढाइको जोखिमबारे अभिभावक र समुदायमा व्यापक अभियान चलाउनुपर्छ । नीति निर्माताहरूले प्रारम्भिक बाल विकास तथा प्रारम्भिक बाल शिक्षालाई 'प्राथमिक विद्यालयको तयारी' होइन, 'बालबालिकाको अधिकार' का रूपमा हेर्नुपर्छ ।

**अनुसन्धान, अभ्यास र नीतिबिचको सम्बन्ध स्थापना**

नेपाल-केन्द्रित इसिइडी निर्माणका लागि अनुसन्धानलाई शैक्षिक कार्यक्रमको सहायक गतिविधिका रूपमा मात्र नभई ज्ञान निर्माण र अभ्यास रूपान्तरणको आधारका रूपमा विकास गर्नुपर्छ । यसका लागि विभिन्न भौगोलिक, भाषिक, सांस्कृतिक र सामाजिक परिवेशमा बालबालिकाले कसरी सिक्छन्, खेल्छन्न् । सम्बन्ध निर्माण गर्छन् र आफ्नो संसारलाई अर्थ दिन्छन् भन्ने विषयमा निरन्तर अनुसन्धान आवश्यक छ । बालबालिका, अभिभावक, सहजकर्ता र समुदायका अनुभवलाई अनुसन्धानको केन्द्रमा राख्दै स्थानीय अभ्यासहरूको दस्तावेजीकरण, विश्लेषण र पुनःव्याख्या गर्नुपर्छ । अनुसन्धानबाट प्राप्त ज्ञानलाई पाठ्यक्रम विकास, शिक्षक तथा सहजकर्ता तयारी, अभिभावक शिक्षा र नीतिगत सुधारमा जोड्नुपर्छ ।

**बाल्यकाललाई फिर्ता दिने नैतिक दायित्व**

विद्यालयीकरणले नेपालको इसिइडीलाई एउटा मौन सङ्कटमा पुऱ्याएको छ । यसले बाल्यकाललाई 'हतार' मा छोटो अवधिमा परिणत गर्दै छ, सिकाइको आनन्दलाई औपचारिकताको भारमा बदल्दै छ, र प्रारम्भिक वर्षदेखि नै गलत शिक्षाको जरा गाड्दैछ तर यो अवस्था अपरिवर्तनीय छैन । काठमाडौँ विश्वविद्यालयले इसिइडीमा स्नातकदेखि पोस्टडक्टरल कार्यक्रमहरू स्थापना गरेर, समुदायसँगको सहकार्यमा सन्दर्भमुखी पाठ्यक्रम विकास गरेर र विभिन्न मञ्चहरूबाट विद्यालयीकरणको आलोचनात्मक बहसलाई अगाडि बढाएर एउटा वैकल्पिक बाटो देखाउने प्रयत्न गरेको छ । यस दिशामा निजी, सरकारी र सामुदायिक क्षेत्रसँग सहकार्य गर्दै यो परिवर्तनको प्रक्रियालाई व्यवहारमा उतार्ने इच्छाशक्ति, संस्थागत प्रतिबद्धता र सामुदायिक सहभागिताको आवश्यकता छ । (लेखकत्रय काठमाडौँ विश्वविद्यालयमा प्राध्यापनरत हुनुहुन्छ ।)

# ख्वप बहुप्राविधिक अध्ययन संस्थानको नर्सिङ परीक्षामा शतप्रतिशत विद्यार्थी उत्तीर्ण, ३६ जना विशिष्ट श्रेणीमा

भक्तपुर, २ मङ्सिर । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटीईभीटी) ले २०८३ साल मङ्सिर १ गते प्रकाशित गरेको २०८३ असोजमा सञ्चालन भएको प्रमाणपत्र तह नर्सिङ तेस्रो वर्षको परीक्षामा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानअन्तर्गत नर्सिङ विषयका शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।



प्रकाशित नतिजाअनुसार परीक्षामा सहभागी ४० जना विद्यार्थी नै उत्तीर्ण हुन सफल भएका छन् । उत्तीर्ण सबै ४० जना विद्यार्थीमध्ये ३६ जनाले विशिष्ट श्रेणी हासिल गरेका छन् ।

नतिजामा कृति थापा श्रेष्ठले ९०.७३ प्रतिशत अङ्क प्राप्त गर्दै प्रथम स्थान हासिल गरेकी छन् । आयुषा तुकंबन्जारले ९०.६४ प्रतिशत अङ्कसहित दोस्रो र कोमल पराजुलीले ९०.२७ प्रतिशत अङ्कसहित तेस्रो स्थान हासिल गर्न सफल भएका छन् ।

परीक्षाफलअनुसार ९० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ४ जना रहेको छ भने ८० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी ३२ जना रहेका छन् । त्यस्तै, ८० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ४ जना रहेको छ ।


## महिला हिंसा अन्त्य गरौं



- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## हार्दिक समवेदना



जन्म
२०१७/४/१०

स्वर्गारोहण
२०८३/७/३०

**बलराम गाईजु**

यस श्वेतभैरव बाजं खल:का संरक्षक तथा बाजागुरु, आदरणीय **बलराम गाईंजु**को असामयिक निधनको खबरले हामी सम्पूर्ण श्वेतभैरव बाजं खल: परिवार स्तब्ध र मर्माहत भएका छौं । बाजं खल: को संरक्षण र नयाँ पुस्तालाई बाजा सिकाउनमा उहाँले पुऱ्याउनुभएको अमूल्य योगदान हामी कहिल्यै बिर्सने छैनौं । उहाँको अभाव हाम्रा लागि अपूरणीय क्षति हो । यस दु:खद घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै, आज चौथो दिन लक्च (लोकाचार) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्वेतभैरव बाजं खल: परिवार**
लिबाली, भक्तपुर



## हार्दिक समवेदना



जन्म
२०१७/०४/१०

स्वर्गारोहण
२०८३/०७/३०

हाम्रा आत्मीय ब्रह्मायणी महादेवी इँटा उद्योगका प्रोपाइटर तथा व्यवसायी मित्र कृष्णराम गाइँजुका पूजनीय पिता **बलराम गाइँजु**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

श्री महेश्वरी फिक्स चिम्नी इँटा उद्योग
श्री सरस्वती माता चिम्नी इँटा उद्योग
श्री सरस्वती शक्ति चिम्नी इँटा उद्योग
श्री महामञ्जुश्री चिम्नी इँटा उद्योग
यातु महादेव फिक्स चिम्नी इँटा उद्योग
श्रीदेवी फिक्स चिम्नी इँटा उद्योग
शंकर फिक्स चिम्नी इँटा उद्योग
B.M. चिम्नी इँटा उद्योग
B.M.A. चिम्नी इँटा उद्योग
B.M.B. चिम्नी इँटा उद्योग
B.M.1 चिम्नी इँटा उद्योग
श्री ब्रह्मायणी S + B इँटा उद्योग
श्री सरस्वती इँटा उद्योग

**सुडाल रोड भेगीय इँटा उद्योग समिति**
वडा नं. ९, सुडाल



## हार्दिक समवेदना



जन्म
२०१७/०४/१०

स्वर्गारोहण
२०८३/०७/३०

यस संस्थाका संस्थापक सदस्य कृष्णराम गाईजुका पूजनीय पिता एवं सदस्यता नं. १३४३ का सदस्य **बलराम गाईंजु**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**समय बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
च्याम्हासिंह रोड, भक्तपुर-८, फोन नं.: ६६१५३१५/६६२०३१५



## हार्दिक समवेदना



जन्म
१९९६/७/११

स्वर्गारोहण
२०८३/०७/२७

**हेरामाया सुवाल**

यस संस्थाका संस्थापक सदस्य तथा हाम्रा अनन्य मित्र तुल्सीराम सुवालकी ममतामयी आमा **हेरामाया सुवाल**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**छोलेश्वर महादेव कृषि संस्था लि. परिवार**


### गाजाको..

पानी पर्न त कुनै बेला रोकिन सक्छ र केही शिविरहरूबाट बाढीको पानी पनि घट्न सक्छ । तर, यसले सङ्कट अन्त्य भएको सङ्केत गर्दैन । संरचनात्मक रूपमा कमजोर भइसकेका पालहरूलाई प्रतिस्थापन गर्नुपर्छ; पानी जमेको ओछ्यान र कपडाहरूको सट्टा नयाँ व्यवस्था गर्नुपर्छ; चर्किएका भवनहरूलाई तत्काल संरचनात्मक स्थिरीकरण आवश्यक छ र ढल निकास सञ्जालहरूलाई व्यापक पुनर्स्थापना आवश्यक छ । केही कम्बल दिएर वा एक दुई दिनको लागि अस्थायी राहत प्रदान गरेर यी कुनै पनि समस्यालाई समाधान गर्न सकिँदैन ।

सबैभन्दा खतरनाक कुरा के हो भने, यी अवस्थाहरूको बारम्बार दोहोरिँदा परिवारहरू नोक्सानीको एउटा अनन्त चक्रमा फस्छन्, सुरु बाढीले डुबेको आश्रयबाट हुन्छ, त्यसपछि उनीहरूको बाँकी रहेका सम्पत्तिहरूको विनाश हुन्छ अनि शून्य स्थिरता र हराउँदै जाने विकल्पहरूबिच अर्को सुख्खा ठाउँको लागि हतास खोजीमा समाप्त हुन्छ ।

गाजामा प्रत्येक हिउँदे आँधीबेहरीका बेला गरिने टुक्रे व्यवस्थापनको होइन; बरु हरेक वर्षालाई पूर्ण मानवीय विपत्तिमा परिणत गर्ने मूल कारणहरूको सम्बोधनको आवश्यकता छ । यसको सुरुआत आश्रयसम्बन्धी सामग्री र पुनर्निर्माणका सामानहरूका लागि नाकाहरू खोल्ने, नगरपालिका तथा नागरिक सुरक्षा टोलीहरूलाई आवश्यक मेसिनरी उपलब्ध गराउने, आधारभूत पूर्वाधार पुनर्स्थापना गर्ने र विस्थापितहरूका लागि सुरक्षित तथा मर्यादित आवासको व्यवस्था सुनिश्चित गर्ने कार्यबाट हुन्छ ।

गाजामा भइरहेको घटनालाई पानीले भरिएका पालहरू र सुख्खा जमिनको खोजीमा काँपिरहेका बालबालिकाहरूका भाइरल तस्बिरहरूमा मात्र सीमित पार्दा ती तस्बिरहरू जतिसुकै हृदयविदारक भए पनि यसले सङ्कटको मूल पक्षलाई ओझेलमा पार्छ । समस्या वर्षा होइन । समस्या एउटा कृत्रिम यथार्थ हो, जहाँ मानिसहरूलाई आधारभूत सुरक्षाबाट वञ्चित गरिन्छ र उनीहरूलाई प्राकृतिक तत्त्वहरूसामु असहाय छोडिदिइन्छ; जबकि सामान्य जीवनशैलीमा तिनलाई झेल्न सक्ने क्षमता हुन्छ ।

वर्षाले मानवीय जीवनका लागि खतरा निम्त्याउनु, प्रयोग गर्न मिल्ने एउटा पाल असाधारण बिलासिताको वस्तु बन्नु वा परिवारहरूले आफ्ना छोराछोरीका बाँकी रहेका सुक्खा लुगाहरू जोगाउन रातभर आत्तिएर सङ्घर्ष गरिरहनु; यी कुनै पनि सामान्य अवस्था होइनन् । गाजाले असाधारण विशेषाधिकार वा असम्भव चमत्कारहरू मागिरहेको छैन । यसले जीवनलाई सम्भव बनाउने कुराको लागि मात्र सोध्छ; सुरक्षित आश्रय, सफा पिउने पानी, व्यवस्थित सरसफाइ, स्वास्थ्य सेवा र युद्धले ध्वस्त गरेका संरचनाहरू पुन:निर्माण गर्न आवश्यक सामग्रीहरू ।

यो जाडोयाम सुरु भएसँगै विश्वसामु खडा भएको प्रश्न यो होइन कि गाजाले आगामी आँधीबेहरीको सामना कसरी गर्नेछ, बरु प्रश्न यो हो कि त्यहाँका मानिसहरू अझ कति लामो समयसम्म यस्तो परिस्थितिमा बाँच्न बाध्य हुनेछन्, जुन कुनै पनि मानिसले कहिल्यै भोग्नु नपरोस् ।

### जनतालाई...

रास्वपा र रास्वपाका नेता कार्यकर्ताहरूलाई थाहा नभएको होइन ।

कार्यकर्ता निष्क्रिय हुनु हुँदैन । निष्क्रिय हुनुको अर्थ पार्टीलाई कमजोर बनाउनु हो । पार्टी कमजोर या कार्यकर्ता निष्क्रिय भएपछि अरु दल र दलको कार्यकर्ताले पेल्छ । त्यही पेलाइमा सर्वसाधारण जनता र असन्तुष्ट युवा-विद्यार्थीहरू अरु दल नजिक पुग्छन् । नयाँ भनिने दलतर्फ लागेका, पुरानो दल कति हेर्ने अब नयाँ दलको एकचोटि स्वाद चाखौं भनी त्यस दलतर्फ लागेका युवा, विद्यार्थी र सर्वसाधारण जनता रास्वपाको चर्तिकला र क्रियाकलाप हेरेर अहिले आजित भएका छन् ।

रास्वपाका नेताहरू आइएनजीओको पैसा खाएर राजनीति गरिरहेको खबर विभिन्न सञ्चारमाध्यममार्फत सार्वजनिक भइरहेको छ । घटनाक्रमले रास्वपाका नेता र मन्त्रीहरू अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा आबद्ध भएको एकपछि अर्को पुस्टि हुँदै छ । वर्तमान सरकारको रणनीति के हो ? यसले देशलाई कहाँ लैजाँदै छ ? त्यसबारे कार्यकर्ताले जनतालाई सुसूचित पार्नुपर्छ । देशको वस्तुस्थितिबारे जनतालाई थाहा दिइराख्नुपर्छ । सरकार कुन बाटोमा हिँड्दै छ भन्नेबारे जनता सुसूचित भएनन् भने जनताले मन बदलिरहेका हुन्छन् । कार्यकर्ताले यथार्थ कुरा घर आँगनमा पुऱ्याउन नसकेपछि जनता अलमलिनु स्वाभाविक हो ।

राजनीतिक कार्यकर्ताहरू जनतामाझ भिजिरहने भएकाले जनताका प्रिय हुन्छन् । जनताको प्रिय पात्र बन्न जनताको दु:ख सुख बुझ्नुपर्छ । दु:ख सुख बुझेर आपत्विपत्मा साथ दिनुपर्छ । जनतामाझ भिज्न नसक्दा पुराना कार्यकर्ताले नयाँलाई र नयाँले पुरानालाई चिनेको हुँदैन । पुराना कार्यकर्ताले देश, जनता र पार्टीमा देन नपुऱ्याएको भए अहिलेको स्थिति तयार हुँदैन भन्ने कुरा नयाँ पुस्ताले सिक्नुपर्छ । नयाँ पुस्ताको भावना र आधुनिक ज्ञान पुराना पुस्ताले थाहा पाउनुपर्छ । पुराना कार्यकर्ताले नयाँ पुस्ताका सन्तानलाई विगतको गतिविधिबारे जानकारी दिइएन भने चिप्लिर जाने सम्भावना हुन्छ । अत: सरकारले के गर्दै छ ? देशलाई कतातिर लग्दै छ भन्नेतर्फ कार्यकर्ता चनाखो हुनुपर्छ र त्यसबारे जनतालाई सुसूचित पारिराख्नुपर्छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा